स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन

आ.व. २०८३।०८४

कार्यान्वयन निकायः स्वास्थ्य निर्देशनालय

मा.मन्त्रीज्यूबाट स्वीकृत मिति २०८३।०४।२५

कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

विराटनगर, मोरङ

क्रियाकलाप सञ्चालनका क्रममा ध्यान दिनुपर्ने मुख्य बुँदाहरुः

अनिवार्य दायित्वतर्फः

१) स्थायी कर्मचारीको हकमा १०% वृद्धि भएको तलब पारिश्रमिक खर्च शीर्षक २११११ मा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन र नयाँ आधार तलबको १०% प्रोत्साहन खर्चवापतको रकम स्वीकृत दरबन्दीभित्र कार्यरत स्थायी कर्मचारीहरुलाई मात्र खर्च शीर्षक २११३५, "स्थायी कर्मचारीको प्रोत्साहन भत्ता(१.२.५.५)" क्रियाकलापमा विनियोजित रकमबाट भुक्तानी गर्नुहुन।

२) प्रदेश निजामती कर्मचारीको पोशाक सम्बन्धी कार्यविधि, २०८३ बमोजिम कोशी प्रदेश सरकारबाट स्थानीय पोशाक प्रवर्द्धनका गर्नका लागि बुधबार र शुक्रबार स्थानियता झल्किने पोशाक लगाउने प्रयोजनार्थ प्रदान गर्न व्यवस्था गरिएको रु.५५००/- समेत साविकको पोशाक खर्च रकममा जोडी हिमाली जिल्लामा जम्मा रु. २०५००/- र अन्य जिल्लामा जम्मा रु.१५५००/- रकम चैत्र महिनामा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी करार सेवाका कर्मचारीहरुलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुहुन र अन्य करारमा कार्यरत कर्मचारीहरुका लागि करार सम्झौतामा लेखिएबमोजिम भुक्तानी गर्नुहुन।

३) "मन्त्रालय र अन्तर्गतका कर्मचारीका लागि केन्द्रीकृत विद्युतीय हाजिरीका आधारमा प्रदान गरिने खाजा खर्च" क्रियाकलापमा प्रदेश दरबन्दी भित्रका स्थायी र दरबन्दी भित्रका करार कर्मचारीका लागि मात्र विनियोजन गरिएको हुँदा सोही अनुसार भुक्तानी व्यवस्थापन गर्नुहुन।

४) कार्यालयमा विनियोजित खाजा खर्चको रकम भुक्तानी गर्दा ई-हाजिरीको आधारमा मात्र गर्न सकिनेछ। विहान बेलुकी दुवै समयको हाजिरी भएको दिनको मात्र खाजा खर्च भुक्तानी गर्नुहुन।

५) प्लास्टिकबाट हुने वातावरण र पर्यावरणीय असर न्यूनीकरण गर्न, पानीजन्य सरुवा रोगको जोखिम कम गर्ने कार्यमा टेवा पुर्याउन एवं बजारी मिनरल वाटर तथा जारको पानीमाथिको निर्भरता कम गर्नका लागि सम्पूर्ण कार्यालयहरुले RO water purifier अनिवार्य जडान गरी कार्यालयमा स्टिलको बोतलबाट पिउने गरी शुद्ध पिउने पानीको व्यवस्थापन गर्नुहुन।

६) व्यक्तिगत प्रयोजनका लागि वा सार्वजनिक विदाको दिनमा वा कार्यालयको कामबाहेकको प्रयोजनमा सरकारी सवारी साधन र इन्धन प्रयोग नगर्नुहुन।

७) कार्यक्रमतर्फ विनियोजित रकमबाट इन्धनवापतको रकम भुक्तानी नगर्नुहुन।

८) स्थायी र दरबन्दीभित्रका करार कर्मचारीको तलब, अनिवार्य दायित्व र प्रदेशमा प्रचलित नियम कानूनको परिधि भित्रका भत्ता/खर्च, पानी, बिजुली र सञ्चार महशुलका हकमा अपुग भएको प्रमाणित भएको खण्डमा मात्र बजेट व्यवस्थापन हुने भएको हुँदा उल्लिखित क्रियाकलापमा मात्र रकमान्तर प्रस्ताव गर्नुहुन। असोज महिना अगाडि रकमान्तरको व्यवस्था नभएकाले पहिलो त्रैमासिकमा रकमान्तर प्रस्ताव नगर्नुहुन।

९) अन्य कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च शीर्षकहरुमा विनियोजित बजेटभित्रबाटै व्यवस्थापन हुने गरी क्रियाकलाप कार्यान्वयन योजना बनाउनुहुन।

१०) स्रोत सुनिश्चित नभईकन दरबन्दीबाहेकको करारमा कर्मचारी नियुक्ति गरी कामकाजमा खटाउँदा भविष्यमा कर्मचारी पारिश्रमिकका लागि बजेट व्यवस्थापनको सुनिश्चितता नहुने हुँदा त्यस्तो अनियमित गतिविधि नगर्नुहुन।

११) कार्यालयको काममा भ्रमणमा जाँदा अनिवार्य रुपमा भ्रमणको उद्देश्य स्पष्ट उल्लेख भएको भ्रमण लगबुकमा अद्यावधिक गर्नुहुन।

१२) गाडी तथा दुईपाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण (Full) समयमा भुक्तानी गर्नुपर्नेछ र समयमा नतिरी दस्तुर जरिवाना तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

१३) दैनिक भ्रमण भत्ता भर्दा यातायात व्यवस्था विभागमा सार्वजनिक गरिएको भाडादर अनुसारको यातायात खर्च भर्ने व्यवस्था मिलाउनुपर्नेछ वा सुनिश्चित गर्नुपर्नेछ।

१४) नियमानुसार सुविधामा प्राप्त हुने हकमा बाहेक अन्य कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि कार्यालयको विद्युत उपभोग गर्दा अनिवार्य सवमिटर जडान गरी सोहीअनुसार व्यक्तिगत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१५) "स्वास्थ्य सामग्री प्रसारण" कार्यक्रमका लागि बजेट विनियोजन भएका कार्यालयले आफ्नो जिल्लाको प्रमुख स्वास्थ्य समस्या र समसामयिक स्वास्थ्य समस्या सम्बोधन हुने गरी सिर्जनात्मक स्वास्थ्य सामग्रीहरु बढीभन्दा बढी नागरिकको पहुँचमा पुग्ने गरी प्रसारण गर्नुपर्नेछ र सोको भिडियो/अडियो कपी मन्त्रालयमा समेत पेस गर्नुपर्नेछ।

कार्यक्रमतर्फः

१. स्वीकृत कार्यक्रमहरुको एकरुपता एवं प्राविधिक सहजीकरणका लागि यस निर्देशिका तयार भएको हुनाले यसै निर्देशिकाले तोकेबमोजिम नै कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ। यस मार्गदर्शनमा उल्लिखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।

२. कार्यक्रम सञ्चालनका लागि क्षेत्रगत फोकल व्यक्ति तोकी सोको जानकारी मन्त्रालय तथा निर्देशनालायलाई गराउनुपर्नेछ र सो फोकल व्यक्तिलाई सम्बद्ध क्षेत्रको कार्यक्रम गर्ने मात्र नभई आफ्नो जिम्मेवारीमा परेको क्षेत्रको तथ्याङ्क सङ्कलन गर्ने, स्थानीय तहका क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहजीकरण गर्ने, त्यस क्षेत्रसँग सम्बन्धित क्षेत्रका नीति, निर्देशिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, लक्ष्यहरु स्थानीय तहसम्मै शेयर गर्ने, स्थानीय तहलाई यस क्षेत्रका gap पहिचान गर्न सहयोग गर्ने र रेकर्डिङ्ग रिपोर्टिङ्ग चुस्त राख्न निरन्तर नियमन तथा पृष्ठपोषण गर्ने सम्मका क्रियाकलाप गर्न कार्यालयप्रमुखले निर्देशन गर्नुपर्नेछ।

३. यस मार्गदर्शन अनुरुप प्रत्येक कार्यालयले आफ्नो कार्यालयमा विनियोजित बजेटअनुसारको कार्यक्रम सञ्चालन कार्ययोजना बनाई अख्तियार प्राप्त व्यक्तिबाट स्वीकृत गर्नुपर्नेछ जसमा कम्तीमा पनि कार्यक्रमको बेहोरा,

समयसीमा, सञ्चालन प्रक्रियामा बजेट विभाजन, जिम्मेवार शाखा वा व्यक्ति अनिवार्य तोक्नुपर्नेछ र वर्षभरीको कार्यक्रम क्यालेन्डर बनाई सो अनुरुप कार्य गर्नुपर्नेछ।

४. प्रत्येक कार्यक्रम सुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लिखित टिप्पणी आदेश स्वीकृत भएपश्चात् कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्नेछ।

५. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा गराउँदा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजानिक खरिद नियमावली २०६४"**, "भ्रमण ऐन, नियमावली, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका"**(कुनै ऐन,नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भएको सोही अनुसार समेत) बमोजिम गर्नुपर्नेछ।

६. **प्रदेश स्वास्थ्य तालिम केन्द्र र तालिम प्रदान गर्ने निकायको हकमाः**

क. स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने सम्पूर्ण तालिमका लागि आ.व.को सुरुमा प्रदेश मातहतका प्रत्येक अस्पताल तथा कार्यालयमा कार्यरत कर्मचारीको अनिवार्य प्राथमिकताका आधारमा तालिम अनुसार सूची तयार पारी तालिमको तालिका बनाउनुपर्नेछ।

ख. तालिम सञ्चालनका लागि प्रदेश भित्र तालिम साइट नभए वा भएका साइटहरूले गुणस्तर मापदण्ड पूरा नगरेको भए प्रदेश बाहिर रहेको तालिम साइट खुलाई टिप्पणी स्वीकृत गराएर मात्र प्रदेश बाहिर तालिम सञ्चालन गर्नुपर्नेछ। यसरी प्रदेश बाहिर तालिम सञ्चालन गर्नु पर्ने भएमा स्वास्थ्य मन्त्रालयसँग राय लिई सञ्चालन गर्नुपर्नेछ।

१०. कार्यक्रमको प्रगतिको अवस्था (पटक, परिमाण, लाभग्राही सङ्ख्या, प्रमूख उपलब्धि, वित्तीय प्रगति लगायत गुणात्मक र परिमाणात्मक तथ्याङ्क समावेश गरी) तोकिएको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा स्वास्थ्य मन्त्रालय र मन्त्रालयको नीति योजना तथा समन्वय शाखाको इमेल yojana.moh@p1.gov.np मा र स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ।

११. यो मार्गदर्शन साथै कार्यालयबाट बनाइएको कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालनको अनुगमन एवं सहजीकरणको व्यवस्था स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ।

विषयसूची

क्रियाकलाप (कोड)/खर्च शीर्षकः विद्यालय नर्स कार्यक्रम संयोजकको तलब (२.५.१०.३०)/२२४१९ .... २

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्स संयोजकको लागि पोशाक (२.५.१०.३६)/२२४१९ .... ३

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्सिङ्ग कार्यक्रमको सयोजकद्वारा अनुगमन(२.८.१.२)/ २२६११ .... ५

क्रियाकलाप(कोड)/खर्च शीर्षकः MDR TB Training (२.६.१.३०)/२२५११ .... ७

क्रियाकलाप(कोड)/खर्च शीर्षकः TB जोखिम समुदायमा AI Xray जडित ACF Camp (२.७.२२.१८२५)/२२५२२ .... ८

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्सलाई मानसिक स्वास्थ्य तालिम (२.६.१.३१)/२२५११ .... ९

क्रियाकलाप(कोड)/खर्च शीर्षकः School Health Nurse Software Orientation(२.७.२२.१८३९)/ २२५२२ .... ११

क्रियाकलाप(कोड)/खर्च शीर्षकः उच्च जोखिममा रहेका बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रमको अभिमुखीकारण (२.६.३.३२)/२२५११ .... १२

क्रियाकलाप(कोड)/खर्च शीर्षकः MNH Skill Rotation and Enhancement (२.७.२२.१८२८)/२२५२२ .... १३

क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रसुति जटिलता रिफरल सेवा (२.७.२२.१८२७), २२५२२.......... १६

क्रियाकलाप(कोड)/खर्च शीर्षकः FETP Review (२.७.२२.१८२६)/२२५२२ .... १७

क्रियाकलाप(कोड)/खर्च शीर्षकः महामारी लगायत VPD Surveillance ढुवानी व्यवस्थापन (२.७.२२.१८२४)/२२५२२ .... १९

क्रियाकलाप(कोड)/खर्च शीर्षकः महामारी रोग रोकथाम, नियन्त्रण तथा विपद व्यवस्थापन र जनशक्ति परिचालन (२.७.२२.१८२२)/२२५२२.......... २०

क्रियाकलाप(कोड)/खर्च शीर्षकः जिल्लास्थित आयुर्वेद, अस्पताल, स्वास्थ्य कार्यालयको Key Indicator based monitoring Evaluation (२.७.२२.१८३८)/२२५२२.......... २३

क्रियाकलाप(कोड)/खर्च शीर्षकः स्वास्थ्य संस्था दर्ता नविकरण (२.७.२२.१८३०)/२२५२२ .... २४

क्रियाकलाप(कोड)/खर्च शीर्षकः स्वास्थ्य कार्यक्रम कार्यान्वयन निर्देशिका/मापदण्ड (२.७.२२.१८४१)/२२५२२ .... २५

क्रियाकलाप(कोड)/खर्च शीर्षकः HIV AIDS क्षति न्यूनीकरण सचेतना र पैरवी कार्यक्रम (२.७.२२.१८४८)/२२५२२ .... २६

क्रियाकलाप (कोड)/खर्च शीर्षकः MSS Resource Person Development (२.६.४.५५)/ २२५१२ ...... १

क्रियाकलाप(कोड)/खर्च शीर्षकः Clinical Audit Resource Person Development (२.६.४.५६)/ २२५१२ .... २

क्रियाकलाप(कोड)/खर्च शीर्षकः एकीकृत घुम्ती अस्पताल सञ्चालन औषधी सहित (आँखा, मुख, बाल स्वास्थ्य लगायत अन्य सेवा) (२.७.२२.१८३१)/ २२५२२.......... ३

क्रियाकलाप(कोड)/खर्च शीर्षकः Robson's कार्यान्वयन (२.७.२२.१८४२)/ २२५२२ .... ४

क्रियाकलाप (कोड)/खर्च शीर्षकः आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई पूर्वकर्म पञ्चकर्म र योग सम्बन्धी तालिम (२.६.१.२८)/ २२५११.......... १

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्सहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखीकरण (२.६.३.२९)/ २२५११ .... २

क्रियाकलाप(कोड)/खर्च शीर्षकः आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्यूनतम सेवा मापदण्डको लेखाजोखा/अनुगमन (२.८.१.२४)/ २२६११ .... ३

क्रियाकलाप (कोड)/खर्च शीर्षक: विद्यालय नर्स कार्यक्रम संयोजकको तलब(२.५.१०.३०)/२२४१९

परिचय	विद्यालय नर्स कार्यक्रमको प्रभावकारी सञ्चालन, अनुगमन, समन्वय तथा गुणस्तर सुनिश्चित गर्न कार्यक्रम संयोजकको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। यस जिम्मेवारीअनुसार कार्यक्रम संयोजकलाई उचित, सम्मानजनक तथा कार्यको प्रकृति अनुकूल तलब—सुविधाको व्यवस्था स्वास्थ्य निर्देशनालयमा गरिएको छ।
उद्देश्य	विद्यालय नर्स कार्यक्रमको दिगोपना, कर्मचारीको मनोबल अभिवृद्धि तथा सेवा प्रवाहको प्रभावकारितामा सकारात्मक योगदान पुऱ्याउने।
अपेक्षित उपलब्धि	कार्यक्रमको प्रभावकारी समन्वय, नियमित अनुगमन, गुणस्तर सुनिश्चितता तथा विद्यालय स्वास्थ्य सेवाको प्रभावकारिता र दिगोपनामा उल्लेखनीय सुधार हुनेछ।
सञ्चालन प्रक्रिया	१. विनियोजित बजेटको परिधिभित्र रही स्वास्थ्य निर्देशनालयबाट प्रचलित "विद्यालय नर्सिङ्ग सेवा" कार्यविधिबमोजिम करार नियुक्त भएका विद्यालय नर्स संयोजकलाई करार सम्झौता अनुसार तोकिएको तलब भत्ता प्रदान गर्नुपर्नेछ। २. अघिल्लो आ.व.मा विद्यालय नर्सिङ्ग कार्यक्रममको कार्यविधि अनुसार यसै शीर्षकमा करार नियुक्त भई कार्यरत रहेको र कार्यसम्पादन सन्तोषजनक भएमा स्वास्थ्य निर्देशनालयले सेवा करार निरन्तरता गर्न सक्नेछ। ३. सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेटबाट भुक्तानी गर्नुपर्नेछ। ४. करार नियुक्ति भएका कर्मचारीलाई सम्झौता अनुसार कार्य गर्न लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा आवश्यक कारवाही गरी सोको जानकारी स्वास्थ्य मन्त्रालयलाई गराउनुपर्नेछ। ५. तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शीर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। ६. करार नियुक्ति पश्चात् सो को जानकारी स्वास्थ्य मन्त्रालयलाई गराउनुपर्नेछ।
प्रतिवेदन	कार्यक्रम सम्पन्न भएपश्चात् सोको प्रतिवेदन मन्त्रालयलाई पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्स संयोजकको लागि पोशाक (२.५.१०.३६)/२२४१९	
परिचय	विद्यालय नर्सिङ्ग कार्यक्रमको व्यवसायिक पहिचान, अनुशासन तथा सेवाप्रतिको विश्वास अभिवृद्धि गर्न विद्यालय नर्स कार्यक्रम संयोजकका लागि पोशाकको व्यवस्था गरिएको छ।
उद्देश्य	कार्यक्रमको प्रभावकारी कार्यान्वयन र संस्थागत गरिमा अभिवृद्धि हुने।
सञ्चालन प्रक्रिया	१. स्वास्थ्य निर्देशनालयबाट विद्यालय नर्स कार्यक्रम संयोजकको जिम्मेवारीमा तोकिएको कर्मचारीलाई पोशाक भत्ता उपलब्ध गराउनु पर्ने छ। २. प्रत्येक आर्थिक वर्षमा **एक पटक** पोशाक भत्ता EFT मार्फत् बैंक खातामा उपलब्ध गराउनुपर्नेछ ३. पोशाक भत्ताका सम्बन्धमा अन्य प्रावधान सो सम्बन्धि प्रचलित नियमानुसार हुनेछ।
अभिलेखन/ प्रतिवेदन	पोशाक वितरण वा भुक्तानी सम्बन्धी भर्पाई तथा अन्य आवश्यक कागजात सङ्कलन गरी अभिलेख सुरक्षित राख्नु पर्नेछ।

१) क्रियाकलाप(कोड)/खर्च शीर्षकः नवप्रवेशी विद्यालय नर्सलाई Induction तालिम (२.६.३.३१)/ २२५११	
परिचय	कोशी प्रदेशमा सञ्चालित विद्यालय नर्स कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय तथा एकरूपताका साथ कार्यान्वयन गर्न नवप्रवेशी विद्यालय नर्सहरूलाई कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र, सेवा प्रवाह, अभिलेख तथा प्रतिवेदन प्रणाली, विद्यालय स्वास्थ्य सेवा, किशोर स्वास्थ्य, मानसिक स्वास्थ्य, प्राथमिक उपचार तथा सम्बन्धित कार्यक्रमहरूबारे प्रारम्भिक अभिमुखीकरण आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	विद्यालय नर्सहरुलाई आफ्नो कार्यक्षेत्रमा गई सेवा प्रवाह गर्न आवश्यक पने सान्दर्भिक ज्ञान, सीप तथा नयाँ कार्यवातवरणसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक सिकाई प्रदान गर्नु।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. विद्यालय नर्स कार्यक्रम लागू भई चालु आ.व. २०८३/८४ मा स्वास्थ्य निर्देशनालयमार्फत् करार गरिएका विद्यालय नर्सहरूका लागि ६ (छ) दिनको सेवा प्रवेश (Induction) तालिम सञ्चालन गर्नुपर्नेछ। २. सहभागी छनौट गर्दा गत आ.व. २०८२/८३ मा करार भई हालसम्म सेवा प्रवेश तालिम प्राप्त नगरेका विद्यालय नर्सहरूलाई समेत सहभागी गराउन सकिनेछ। ३. नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाबाट तयार गरिएको **"विद्यालय नर्सका लागि सेवा प्रवेश तालिम प्याकेज सन्दर्भ पुस्तिका, २०७७"** लाई आधार मानी तालिम सामग्री तयार गर्नुपर्नेछ। आवश्यकताअनुसार विशेषज्ञ तथा सरोकारवालासँगको समन्वयमा प्रदेशको आवश्यकता अनुरूप समसामयिक विषयवस्तु थप वा परिमार्जन गर्न सकिनेछ। ४. तालिममा विद्यालय नर्स कार्यक्रमको उद्देश्य, भूमिका तथा जिम्मेवारी, विद्यालय स्वास्थ्य सेवा, स्वास्थ्य परीक्षण, किशोर–किशोरी स्वास्थ्य, मानसिक स्वास्थ्य, प्राथमिक उपचार, स्वास्थ्य शिक्षा, पोषण, WASH, लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI), यौन तथा प्रजनन स्वास्थ्य, नसर्ने रोग, अभिलेख तथा प्रतिवेदन प्रणाली, रेफरल प्रणाली, आपत्कालीन

	व्यवस्थापन तथा सम्बन्धित प्रचलित नीति, मापदण्ड र निर्देशिकासम्बन्धी विषयहरू समावेश गर्नुपर्नेछ। ५. तालिम सञ्चालन गर्दा सहभागितामूलक सिकाइ विधि (व्याख्यान, समूह कार्य, केस अध्ययन, भूमिका निर्वाह, प्रदर्शन, अभ्यास तथा अनुभव आदान—प्रदान) अपनाउनुपर्नेछ। ६. तालिम सञ्चालनका लागि विषयगत दक्ष प्रशिक्षक, विशेषज्ञ तथा आवश्यकतानुसार सम्बन्धित निकायका प्रतिनिधिलाई सहजकर्ताका रूपमा परिचालन गर्न सकिनेछ। ७. तालिम प्रारम्भ हुनु अघि सहभागीहरूको Pre-test तथा तालिम समाप्तिपछि Post-test गरी सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्नेछ। ८. तालिम सम्पन्न भएपछि सहभागीहरूको विवरण, उपस्थिति, Pre/Post-test नतिजा तथा तालिमसम्बन्धी सम्पूर्ण अभिलेख TIMS प्रणाली मा प्रविष्ट गरी प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ। ९. तालिमपश्चात् विद्यालय नर्सहरूलाई कार्यस्थलमा सेवा प्रवाहका क्रममा आवश्यक प्राविधिक सहयोग, मेन्टरिङ, सुपरिवेक्षण तथा अनुगमन गर्ने व्यवस्था स्वास्थ्य निर्देशनालयले मिलाउनुपर्नेछ। १०. तालिम सञ्चालन गर्दा सहभागीलाई आवश्यक तालिम सामग्री, सन्दर्भ पुस्तिका, कार्यपुस्तिका तथा अन्य शैक्षिक सामग्री उपलब्ध गराउनुपर्नेछ। ११. तालिम सञ्चालन तथा खर्च व्यवस्थापन स्वीकृत वार्षिक कार्यक्रम, सार्वजनिक खर्च मापदण्ड, आर्थिक कार्यविधि तथा प्रचलित आर्थिक ऐन, नियम र प्रदेश सरकारको वित्तीय व्यवस्थासम्बन्धी प्रावधानबमोजिम गर्नुपर्नेछ। १२. प्रदेश सरकारको स्रोतबाहेक अन्य तहहरुबाट करार गरिएका वा निजी विद्यालयमा सेवा प्रदान गरिरहेका विद्यालय नर्सहरुलाई दैनिक भ्रमण भत्ता यस शीर्षकबाट नबेहोर्ने गरी तालिममा समावेश गर्न सकिनेछ।
अभिलेखकरण/ प्रतिवेदन	तालिम सम्पन्न भएको ३० कार्यदिनभित्र सहभागीहरूको विवरण, तालिमका उपलब्धि, चुनौती तथा सुझाव सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: विद्यालय नर्सिङ्ग कार्यक्रमको सयोजकद्वारा अनुगमन(२.८.१.२)/ २२६११

परिचय	विद्यालय नर्सिङ्ग कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवाको गुणस्तर अभिवृद्धि तथा कार्यक्रमका सूचकहरूको नियमित समीक्षा गर्न विद्यालय नर्स कार्यक्रम संयोजकबाट विद्यालयहरूको नियमित अनुगमन आवश्यक हुन्छ। अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा विद्यालय नर्सलाई आवश्यक प्राविधिक सहयोग, मार्गदर्शन तथा मेन्टरिङ प्रदान गरी विद्यालय स्वास्थ्य सेवाको प्रभावकारिता र गुणस्तर अभिवृद्धि गर्नु।
उद्देश्य	विद्यालय नर्सिङ्ग कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै नियमित अनुगमन तथा पृष्ठपोषणमार्फत् सेवाको गुणस्तर अभिवृद्धि, समस्या समाधान र विद्यालय नर्सको कार्यसम्पादन सुदृढ गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्वास्थ्य निर्देशनालयले विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकको संलग्नतामा वार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन भएका विद्यालयहरूको नियमित स्थलगत अनुगमन गर्नुपर्नेछ। अनुगमन टोलीमा कार्यक्रम संयोजक अनिवार्य रहनेछ र आवश्यकताअनुसार सेवासँग सम्बन्धित बढीमा दुई जना प्राविधिक कर्मचारीलाई सहभागी गराउन सकिनेछ। २. स्थलगत अनुगमनअघि कार्यक्रम संयोजकले सम्बन्धित विद्यालयसँग समन्वय गरी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालासँग बैठक आयोजना गर्नुपर्नेछ। उक्त बैठकमा विद्यालय नर्सिङ्ग कार्यक्रमको उद्देश्य, अपेक्षित उपलब्धि तथा विद्यालय नर्सको भूमिका स्पष्ट गरी कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोगी वातावरण सिर्जना गर्न सहजीकरण गर्नुपर्नेछ। ३. स्थलगत अनुगमन गर्दा कम्तीमा देहायका विषयहरुको अवलोकन तथा समीक्षा गर्नुपर्नेछ। **कार्यक्रम व्यवस्थापन** • विद्यालय नर्सको नियमित उपस्थिति। • वार्षिक तथा मासिक कार्ययोजना। • सेवा सञ्चालनको नियमितता। • अभिलेख तथा प्रतिवेदन व्यवस्थापन। • विद्यालय स्वास्थ्य इकाइ गठन तथा नियमित बैठक **सेवा प्रवाह** • विद्यार्थी स्वास्थ्य परीक्षण। • स्वास्थ्य परामर्श सेवा। • प्राथमिक उपचार सेवा। • मानसिक स्वास्थ्य सेवा। • किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा।

	• आवश्यक रेफरल व्यवस्था। **स्वास्थ्य प्रवर्द्धन** • स्वास्थ्य शिक्षा। • पोषण तथा व्यक्तिगत सरसफाइ। • महिनावारी स्वच्छता व्यवस्थापन। • नसर्ने रोग तथा मानसिक स्वास्थ्यसम्बन्धी गतिविधि। **विद्यालयको स्वास्थ्य वातावरण** • खानेपानीको अवस्था। • शौचालय तथा हात धुने सुविधा। • फोहोर व्यवस्थापन। • विद्यालय क्यान्टिन। • प्राथमिक उपचार कक्ष। ४. अनुगमनका क्रममा पहिचान भएका उपलब्धि, चुनौती, समस्या तथा सुधारका उपायबारे विद्यालय व्यवस्थापन, विद्यालय नर्स तथा सम्बन्धित सरोकारवालासँग विस्तृत छलफल गरी आवश्यक निर्णय गर्नुपर्नेछ। प्रत्येक अनुगमनपश्चात् जिम्मेवारी, समयसीमा तथा सुधारका उपाय समेटिएको **सुधारात्मक कार्ययोजना** (Action Plan) तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ। ५. अनुगमन टोलीले विद्यालयहरूबीच अनुभव आदान—प्रदान तथा समन्वय अभिवृद्धि गर्न आवश्यक सहजीकरण गर्नुपर्नेछ। साथै, आवश्यकता अनुसार स्वास्थ्य कार्यालय, स्थानीय तह तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउनुपर्नेछ। ६. आपतकालीन अवस्था, विपद् वा विशेष परिस्थितिमा स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालय, स्थानीय तह तथा सम्बन्धित विद्यालयसँग समन्वय गरी विद्यालय नर्सलाई आवश्यक स्थानमा परिचालन गर्न सक्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	प्रत्येक अनुगमनपछि कार्यक्रम संयोजकले विस्तृत प्रतिवेदन तयार गरी १ प्रति स्वास्थ्य निर्देशनालयमा पेस गर्नुपर्नेछ। प्रतिवेदनमा कम्तीमा निम्न विवरण समावेश हुनुपर्नेछः • विद्यालयको विवरण • अनुगमन मिति • सहभागीहरूको विवरण • कार्यक्रम कार्यान्वयनको अवस्था • प्रमुख उपलब्धिहरू • समस्या तथा चुनौतीहरू • गरिएका निर्णयहरू • सुधारात्मक कार्ययोजना • आगामी कार्ययोजना • आवश्यक फोटो तथा प्रमाणहरू

क्रियाकलाप(कोड)/खर्च शीर्षकः MDR TB Training (२.६.१.३०)/२२५११	
परिचय	औषधि प्रतिरोधी क्षयरोग (Multi-Drug Resistant Tuberculosis—MDR-TB) नेपालमा जनस्वास्थ्यको प्रमुख चुनौतीमध्ये एक हो। MDR-TB का बिरामीहरूको समयमै पहिचान, उचित निदान, प्रभावकारी उपचार, औषधि सुरक्षा (Drug Safety Monitoring), संक्रमण रोकथाम तथा उपचारको सफलताका लागि दक्ष स्वास्थ्यकर्मी आवश्यक पर्दछ। यस उद्देश्यले स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, नर्स, प्रयोगशालाकर्मी, फार्मासिस्ट तथा TB कार्यक्रमसँग सम्बद्ध स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्न MDR-TB Training सञ्चालन गरिनेछ।
उद्देश्य	नयाँ नियुक्त भई आएका र MDR center/sub center मा कार्यरत स्वास्थ्यकर्मीहरूलाइ MDR TB/ DS TB सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी क्षयरोगको निदान, उपचार व्यवस्थापन प्रभावकारी बनाउने।
अपेक्षित उपलब्धि	• स्वास्थ्यकर्मीहरूले राष्ट्रिय निर्देशिका अनुसार MDR-TB बिरामीको व्यवस्थापन गर्न सक्नेछन्। • MDR-TB को शीघ्र निदान तथा समयमै उपचार सुरु हुनेछ। • उपचार सफलताको दर वृद्धि तथा उपचार छोड्ने दरमा कमी आउनेछ। • MDR-TB सम्बन्धी अभिलेखीकरण, प्रतिवेदन तथा औषधि व्यवस्थापनको गुणस्तर सुधार हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. क्षयरोग उपचार केन्द्र तथा उपकेन्द्र तथा सम्वन्धित जिल्ला अस्पताल/स्वास्थ्य कार्यालयसँग समन्वय गरी तालिम नपाएका स्वास्थ्यकर्मीहरूको सूची तयार गर्ने। २. तुलनात्मक रुपमा धेरै क्षयरोगका विरामी निदान तथा उपचार हुने स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरूलाइ प्राथमिकतामा राखी सहभागी गराउने। ३. स्वास्थ्य निर्देशनालय तथा प्रदेश भित्रका स्वास्थ्य संस्थामा रहेका तालिम प्राप्त दक्ष जनशक्तिहरू तथा संघसंस्थाका विषय विज्ञहरू सहजकर्ताका रुपमा रहने। ४. सहभागीहरुको विवरण TIMS मा दर्ता गरी प्रमाणपत्र वितरण गर्नुपर्ने छ। ५. बजेट बाँडफाँट गर्दा बजेटको परिधि भित्र रही दोहोरो नपर्ने गरी सहभागी तथा सहजकर्ताहरूलाई दै.भ्र.भत्ता, कक्षा सञ्चालन भत्ता आदिमा प्रचलित मापदण्ड बमोजिम गर्ने। ६. राष्ट्रिय क्षयरोग केन्द्रबाट तयार गरिएका म्यानुयल तालिम मोड्युल अदिको प्रयोग सुनिश्चितता गर्ने।
प्रतिवेदन	कार्यक्रम सम्पन्न भएपश्चात सहभागीको विवरण (Participants line list)कार्यालयको वेबसाइटमा अपलोड गर्ने एवं सम्पुर्ण क्रियाकलाप र खर्च प्रगति सहितको प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेस गर्ने।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: TB जोखिम समुदायमा AI Xray जडित ACF Camp (२.७.२२.१८२५)/२२५२२	
परिचय	नेपालको राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमले क्षयरोगका बिरामीहरूको समयमै पहिचान तथा उपचारलाई प्राथमिकता दिएको छ। समुदायमा अझै पनि धेरै क्षयरोगका बिरामीहरू पहिचान हुन नसकेको अवस्था रहेको हुँदा उच्च जोखिम समूहमा सक्रिय खोज (Active Case Finding–ACF) कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। Artificial Intelligence (AI) मा आधारित Digital Chest X-ray प्रविधिले समुदायस्तरमै छिटो, प्रभावकारी तथा गुणस्तरीय स्क्रिनिङ गर्न सहयोग पुऱ्याउँछ। AI X-ray बाट सम्भावित क्षयरोगका बिरामीहरू पहिचान गरी तुरुन्तै Sputum परीक्षण (GeneXpert वा अन्य स्वीकृत विधि) मार्फत् पुष्टि गर्न सकिन्छ। यस कार्यक्रममार्फत् उच्च जोखिम समुदायमा AI X-ray सहित ACF Camp सञ्चालन गरी क्षयरोगको शीघ्र पहिचान तथा उपचारमा पहुँच विस्तार गरिनेछ।
उद्देश्य	डिजिटल प्रविधिको प्रभावकारी प्रयोग मार्फत् क्षयरोगको ACF मा गुणस्तरियता अभिवृद्धि गर्ने र लुकेर बसेका क्षयरोगीहरुको समयमा पहिचान गरी उपचारको दायरामा आउने।
अपेक्षित प्रतिफल	✓ जोखिम समूहहरूमा क्षयरोगको प्रारम्भिक पहिचानमा वृद्धि भएको हुनेछ। ✓ ACF मार्फत् समुदायमा लुकेर रहेका क्षयरोगका विरामीहरू पत्ता लाग्ने र उपचारमा समावेश हुने दरमा वृद्धि हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. प्राथमिकताको आधारमा लक्षित समूह, स्थान र सम्भावित लाभग्राही सङ्ख्या उल्लेख गरी तालिका निर्माण गर्नुपर्नेछ। २. क्याम्प सफल बनाउन नगरपालिकाका वडा कार्यालय, स्वास्थ्य शाखा, NGOs/INGOs र समुदाय प्रतिनिधिहरूसँग समन्वय बैठक गरी क्याम्पको स्थान, जनशक्ती र प्रचारप्रसारको तयारी गर्नुपर्नेछ। ३. जोखिम समूहलाई सहज हुने गरी विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन वा बस्तीमा नै क्याम्प स्थल निर्धारण गरेर स्थान अनुगमन गरी पूर्वतयारी तथा भीड व्यवस्थापन योजना बनाउनुपर्नेछ। ४. पोर्टेवल डिजिटल छातीको X ray उपलब्धता, ढुवानी, जडान र सञ्चालनका लागि प्राविधिक व्यवस्थापन सुनिश्चित गर्नुपर्नेछ। ५. क्याम्पको सम्पूर्ण तयारी पूरा गरिसकेपछि राष्ट्रिय क्षयरोग कार्यक्रमको ACF सञ्चालन निर्देशिका (NATIONAL GUIDE FOR USE OF DIGITAL X-RAY WITH AI IN CAMP SETTINGS, २०२४) अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ। ६. क्याम्पमा आएका सेवाग्राहीहरुको विवरण सङ्कलन गरी NTPMIS (DHIS२- NTP Service Tracker) को ACF मा अद्यावधिक गर्नुपर्दछ।

	७. क्षयरोग निदान भएका व्याक्तिहरूलाई आवश्यक परामर्श गरी उपचार सुरु गर्नका लागि नजिकको स्वास्थ्य संस्थामा प्रेषण गरी उपचारमा गएको नगएको सुनिश्चत गर्ने। ८. उपचार शुरु गरेका विरामीहरूको सम्पूर्ण विवरण स्वास्थ्य संस्थाको सम्बन्धित HMIS tools मा र NTPMIS मा अद्यावधिक गरी मासिक प्रतिवेदन गर्नुपर्नेछ।
बजेट बाँडफाँट	बजेटको परिधिभित्र रही दोहोरो नपर्ने गरी संलग्न स्वास्थ्यकर्मीहरू सहितको टोलीलाई (चिकित्सक, रेडियोग्राफर र ल्याब टेक्निसियनलाइ मात्र) बढीमा रु ५० प्रति सेवाग्राही उपलब्ध गराउन सकिनेछ र अन्य खर्च नियमानुसार गर्नुपर्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमा सेवा लिएको संख्या विस्तृत प्रतिवेदन तयार गरी निर्देशकज्यूलाई र स्वास्थ्य मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: विद्यालय नर्सलाई मानसिक स्वास्थ्य तालिम (२.६.१.३१)/२२५११	
परिचय	विद्यालय नर्सहरूले विद्यालयमा विद्यार्थीहरूको शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्य प्रवर्द्धन, मानसिक स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान, आधारभूत मनोसामाजिक सहयोग तथा आवश्यक सेवामा प्रेषण (Referral) गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। किशोरकिशोरीमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै गएको सन्दर्भमा विद्यालय नर्सहरूको क्षमता अभिवृद्धि गर्न यो तालिम राखिएको हो।
उद्देश्य	विद्यालय नर्सहरूको मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गरी विद्यालयमा मानसिक स्वास्थ्यमैत्री वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने।
अपेक्षित प्रतिफल	विद्यालय नर्सहरू मानसिक स्वास्थ्य प्रवर्द्धन, मानसिक स्वास्थ्य समस्याको प्रारम्भिक पहिचान, आधारभूत मनोसामाजिक सहयोग तथा आवश्यक सेवामा प्रेषण गर्न सक्षम हुनेछन्। विद्यालयमा मानसिक स्वास्थ्य सचेतना अभिवृद्धि भई मानसिक स्वास्थ्यमैत्री वातावरणको विकास हुनेछ तथा मानसिक स्वास्थ्यसम्बन्धी अभिलेखीकरण र प्रतिवेदन प्रणाली सुदृढ हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. यस कार्यक्रम सञ्चालनको लागि स्वास्थ्य निर्देशनालयले यस अघि मानसिक स्वास्थ्यको तालिम नलिएका प्रदेश अन्तर्गतका विद्यालय नर्सहरुको सूची तयार पार्नुपर्नेछ। २. तालिमको योजना निर्माण गर्दा बढीमा २५ जना सहभागी रहने गरी बजेटको परिधिभित्र रही तालिम सञ्चालन गर्नुपर्नेछ। तालिममा प्रशिक्षक छनौट गर्दा प्रेषण संयन्त्र निर्माणमा सहयोग पुग्ने गरी मानसिक रोग विशेषज्ञ, मनोपरामर्शदाता एवं विज्ञ प्रशिक्षकको छनौटमा ध्यान दिनुपर्नेछ। ३. तालिम सञ्चालन गर्दा प्रदेश स्वास्थ्य तालिम केन्द्रले निर्माण गरेको Mental Health Package लाई आधार मानी तयार गरिएको पाठ्यसामग्री प्रयोग गर्नुपर्नेछ। दोस्रो त्रैमासिकभित्र सो सामग्री

	निर्माण नभएमा सम्बन्धित क्षेत्रका विज्ञसँगको छलफलामा आएका निम्न विषयहरू समावेश गरी तालिम सञ्चालन गर्न सकिनेछ। • मानसिक स्वास्थ्यको आधारभूत अवधारणा • किशोरावस्थाको मानसिक स्वास्थ्य • मानसिक स्वास्थ्य प्रवर्द्धन • मानसिक रोग तथा मनोसामाजिक समस्या • डिप्रेसन तथा चिन्ता (Depression & Anxiety) • तनाव व्यवस्थापन • आत्महत्या तथा आत्महानि रोकथाम • Psychological First Aid (PFA) • आधारभूत परामर्श सीप (Basic Counselling Skills) • बुलिङ, हिंसा तथा बाल संरक्षण • लागू पदार्थ दुरुपयोग रोकथाम • विद्यालयमा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन • परिवार तथा शिक्षकसँग समन्वय • मानसिक स्वास्थ्य सेवा प्रेषण प्रणाली (Referral Mechanism) • अभिलेखीकरण तथा प्रतिवेदन ४. तालिम सञ्चालन गर्दा व्याख्यानभन्दा बढी सहभागितामूलक सिकाइ विधि अपनाउनुपर्नेछ, जसमाः समूहकार्य ,भूमिका निर्वाह (Role Play), व्यवहारिक अभ्यास, प्रस्तुतीकरण, समस्या समाधान अभ्यास समावेश गर्नुपर्नेछ। ५. तालिम सन्चालनका लागि निम्न क्षेत्रका विज्ञ प्रशिक्षक परिचालन गर्न सकिनेछः • मनोचिकित्सक • क्लिनिकल मनोविद् • मानसिक स्वास्थ्य नर्स • मनोसामाजिक परामर्शदाता • बाल तथा किशोर स्वास्थ्य विशेषज्ञ • अनुभवी विद्यालय नर्स ६. तालिम प्रारम्भ हुनु अघि सहभागीहरूको Pre-test तथा तालिम समाप्तिपछि Post-test सञ्चालन गरी सिकाइ उपलब्धि मूल्याङ्कन गर्नुपर्नेछ। ७. प्रत्येक सहभागीले आफ्नो विद्यालयका लागि मानसिक स्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्ययोजना (Action Plan) तयार गरी तालिम समापनअघि प्रस्तुत गर्नुपर्नेछ। ८. तालिम सम्पन्न भएपछि स्वास्थ्य निर्देशनालयले आवश्यकता अनुसार विद्यालयस्तरमा Follow-up, Mentoring तथा Supportive Supervision सञ्चालन गर्नुपर्नेछ।

अभिलेखिकरण/प्रतिवेदन	• तालिमपश्चात तालिममा सहभागी भएकाको विवरण कार्यालयको वेबसाइटमा अपलोड गर्नुपर्नेछ। सम्पन्न भएपश्चात् सोको प्रतिवेदन मन्त्रालयलाई पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः School Health Nurse Software Orientation(२.७.२२.१८३९)/ 225२2	
परिचय	कोशी प्रदेशमा सञ्चालन भईरहेको विद्यालय नर्सिङ कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय, पारदर्शी तथा प्रविधिमैत्री बनाउन विद्यालय नर्सहरूले दैनिक सेवा, विद्यार्थी स्वास्थ्य अभिलेख, रेफरल, स्वास्थ्य शिक्षा, औषधि व्यवस्थापन तथा मासिक प्रतिवेदनहरू सफ्टवेयर प्रणालीमार्फत् प्रविष्ट गर्ने व्यवस्था गरिएको छ। विद्यालय नर्सहरूले प्रयोग गर्ने सफ्टवेयरको प्रभावकारी सञ्चालनका लागि सफ्टवेयरको प्रयोग, डेटा इन्ट्री, रिपोर्टिङ, डेटा सुरक्षा तथा समस्या समाधान सम्बन्धी सीप विकास गर्न यो अभिमुखीकरण कार्यक्रम राखिएको हो।
उद्देश्य	विद्यालय नर्सहरूलाई विद्यालय नर्स सफ्टवेयरको परिचय गराई प्रयोगकर्ता (User)व्यवस्थापन, विद्यार्थी स्वास्थ्य विवरण तथा स्क्रिनिङ अभिलेखीकरण, दैनिक सेवा, औषधि व्यवस्थापन, रेफरल तथा फलोअप, स्वास्थ्य शिक्षा तथा परामर्श अभिलेख, मासिक तथा वार्षिक प्रतिवेदन तयारी, साथै डेटा सुरक्षा र गोपनीयता सम्बन्धी आवश्यक ज्ञान, सीप र क्षमता विकास गरी सफ्टवेयरको प्रभावकारी सञ्चालनमा सक्षम बनाउनु।
उपलब्धि	विद्यालय स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित समयमै, गुणस्तरीय तथा विश्वसनीय तथ्याङ्क उपलब्ध हुने, जसका आधारमा कार्यक्रमको प्रभावकारिता, उपलब्धिमूलकता (फलदायिता) तथा समग्र कार्यसम्पादनको मूल्याङ्कन गर्न सहज हुनेछ।
कार्य सञ्चालन प्रकृया	१. स्वास्थ्य निर्देशनालयले सम्बन्धित स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लाका प.हे.न. र १ जना सक्रिय विद्यालय नर्सहरूलाई सहभागी गराई १ दिनको अभिमूखीकरण सञ्चालन गर्नु पर्नेछ। २. तालिमको समय स्वास्थ्य मन्त्रालयको समन्वयमा निर्धारण गर्नुपर्नेछ। ३. कार्यक्रमका सहभागीलाई अनिवार्य ल्यापटप लिई आउन अग्रिम पत्राचार गर्नुपर्नेछ। ४. स्वास्थ्य निर्देशनालयले सफ्टवेयर विकासकर्ता तथा स्वास्थ्य मन्त्रालयको प्राविधिक टोलीसँग समन्वय गरी प्रयोगात्मक (Demo) तथा वास्तविक (Live) प्रणाली सञ्चालनको व्यवस्था मिलाउन पर्नेछ। ५. विद्यालय नर्सहरुलाई सफ्टवेयरको परिचय, User Login, Profile Management, विद्यार्थी स्वास्थ्य विवरण प्रविष्टि, स्वास्थ्य परीक्षण अभिलेखीकरण, दैनिक सेवा, औषधि व्यवस्थापन, रेफरल तथा फलोअप, स्वास्थ्य शिक्षा तथा परामर्श अभिलेखीकरण, प्रतिवेदन तयारी, Dashboard प्रयोग तथा डेटा सुरक्षा सम्बन्धी विषयमा सैद्धान्तिक तथा व्यवहारिक अभिमुखीकरण प्रदान गर्नु पर्नेछ।।

	६. प्रत्येक सहभागीलाई व्यक्तिगत रूपमा सफ्टवेयर सञ्चालन गर्न लगाई आवश्यक विवरण प्रविष्ट गर्ने अभ्यास गराउनुपर्नेछ। अभ्यासका क्रममा देखिएका प्राविधिक तथा सञ्चालनसम्बन्धी समस्याहरूको समाधान सम्बन्धित प्राविधिक टोलीद्वारा सहजीकरण गर्नुपर्नेछ। ७. अभिमुखीकरण सम्पन्न भएपछि विद्यालय नर्सहरूले विद्यालय नर्स सफ्टवेयरको नियमित प्रयोग गरी विद्यार्थी स्वास्थ्य सेवा तथा कार्यक्रमसम्बन्धी विवरण समयमै प्रविष्ट गरेको सुनिश्चित गर्न स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालयबाट नियमित अनुगमन, सुपरिवेक्षण तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ। ८. सफ्टवेयरमार्फत् प्राप्त तथ्याङ्कको पूर्णता, गुणस्तर तथा समयमै प्रतिवेदन पेस भए/नभएको आवधिक समीक्षा गरी आवश्यक सुधारात्मक कार्यहरूका लागि स्वास्थ्य निर्देशनालयले पृष्ठपोषण गर्नुपर्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	९. कार्यक्रम सम्पन्न भएपछि सहभागी संख्या, कार्यक्रमका प्रमुख गतिविधि, उपलब्धि, चुनौती, सुझाव, फोटोसहितको प्रतिवेदन तथा खर्च विवरण स्वास्थ्य निर्देशनालयले मन्त्रालयलाई पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: उच्च जोखिममा रहेका बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रमको अभिमुखीकारण (२.६.३.३२)/२२५११	
उद्देश्य	• गत २०८३ बैशाखमा पोषण लेखाजोखा भई प्राप्त भएको प्रतिवेदनको आधारमा शीघ्र कुपोषणको अति जोखिम पालिकाको बच्चाहरुको अवस्था यस आ.व.मा पुन:विश्लेषण गर्ने • पोषण अवस्थाको उच्चजोखिमा रहेका बालबालिकाका हेरचाहकर्ताहरु समेतलाई कुपोषणबाट हुने जोखिम र उपचार व्यवस्थापन बारे अभिमुखीकरण गरि घरेलु व्यवस्थापन बारे सचेतीकरण गर्ने।
अपेक्षित उपलब्धि	समुदायमा कुपोषणको कारण र असरबारे जानकारी भई भविष्यमा सो को न्यूनीकरण भएको हुनेछ।
सञ्चालन प्रक्रिया	१, प्राथमिकता निर्धारण : उच्च जोखिम जिल्ला/स्थानीयतह/वडा/समुदायको पहिचान : २०८२ बैशाखमा गरिएको पोषण लेखाजोखा बाट प्राप्त प्रतिवेदनको आधारमा परिवार कल्याण महाशाखा/ सम्बन्धित जिल्लाको समेत समन्वयमा उच्च जोखिम समुदाय र बालबालिकाको पहिचान र प्राथमिकीकरण गरी सो अनुसार जिल्ला तथा स्थानीय तहको क्रियाकलाप निर्धारण गर्नुपर्नेछ। २. अभिमुखीकरण तथा योजना: पहिचान भएका वडा समुदाय/स्वास्थ्य संस्था/स्थानीय तह/सम्बन्धित जिल्ला समेतको सहभागितामा विगतमा सञ्चालन भएको पोषण लेखाजोखा कार्यक्रम सञ्चालन प्रक्रिया, परिणाम र हाल गरिरहेको व्यवस्थापन एवं अवस्था बारे सम्बन्धित

	जिल्ला/स्थानीय तहमा १ दिने समीक्षा/अभिमूखीकरण गरी थप सुधारका लागि थप कार्यक्रमाहरुको योजना बनाउनुपर्नेछ। ३. क्षमता विकासः Anthropometric Measurement गर्ने प्रक्रियाबारे स्वास्थ्यकर्मीको क्षमता विकास गर्ने, RUTF/Balvita बाट गर्नुपर्ने उपचारबारे प्रयोगात्मक अभ्यास/प्रदर्शन गरी स्वास्थ्यकर्मी, समुदायको क्षमता विकास गर्न स्थानीय तह/वडामा १ दिने अभिमुखीकरण र योजना गर्नुपर्नेछ। ४. उच्चजोखिम समुदाय रहेका/शीघ्र कुपोषणको संख्या धेरै भएका वडामा त्यस्ता समुदायका ५ वर्ष मुनिका बालबालिकाको पुनः पोषण लेखाजोखा, परामर्शको लागि समुदाय सचेतीकरण/ अभिमुखीकरण साथै स्वास्थ्यकर्मी परिचालन गर्नुपर्नेछ। नोटः यसरी स्थानीय तह/वडा स्तरमा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहको समन्वयमा विगतमा स्थानीय तहबाट गर्ने गरेको खर्च व्यवस्थापनको आधारमा भत्ता/यातायात खर्च भुक्तानी गर्ने र समुदाय स्तरमा स्वास्थ्यकर्मी परिचालन हुदा विगतको पोषण लेखा जोखा अभियान मा उपलब्ध गरेकै आधारमा प्रति दिन प्रति व्यक्ति रु ७००।०० र स्वयंसेविका/स्वयंसेवकहरुलाई प्रति दिन रु ६००।०० (संघीय कार्यक्रम सञ्चालन मार्गदर्शनमा उल्लेख भए अनुसार) यातायात खर्च भुक्तानी गर्नुपर्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात विस्तृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	शीघ्र कुपोषण व्यवस्थापन तथा पोषण लेखाजोखा सम्बन्धी निर्देशिका।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः MNH Skill Rotation and Enhancement (२.७.२२.१८२८)/२२५२२	
परिचय	मातृ तथा नवजात शिशु स्वास्थ्य (Maternal and Newborn Health–MNH) सेवाको गुणस्तर अभिवृद्धि तथा मातृ एवं नवजात शिशुको मृत्यु तथा जटिलता न्यूनीकरणका लागि दक्ष स्वास्थ्यकर्मीको उपलब्धता अत्यन्त आवश्यक हुन्छ। विशेष गरी बर्थिङ सेन्टर तथा आधारभूत अस्पतालहरूमा कार्यरत Skilled Birth Attendants (SBA), स्टाफ नर्स तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूले प्रसूति तथा नवजात शिशु सम्बन्धी आपतकालीन अवस्थाको नियमित अभ्यास गर्ने अवसर नपाउँदा उनीहरूको क्लिनिकल सीपमा कमी आउन सक्ने अवस्था रहन्छ। यस कार्यक्रम अन्तर्गत कम सेवा चाप भएका स्वास्थ्य संस्थामा कार्यरत प्रसूतिकर्मीहरुलाई बढी सेवा चाप भएका अस्पताल वा स्वास्थ्य संस्थामा निश्चित अवधिका लागि Skill Rotation गराई व्यवहारिक सीप अभिवृद्धि गरिनेछ। साथै MNH सम्बन्धी अद्यावधिक Clinical Updates, Mentorship तथा Coaching मार्फत् सेवा गुणस्तर सुधार गरिनेछ।
उद्देश्य	• मातृ तथा नवजात शिशु स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीहरूको व्यवहारिक सीप अभिवृद्धि गर्नु। • प्रसूति तथा नवजात शिशुको जटिलता व्यवस्थापन सम्बन्धी दक्षता सुदृढ गर्नु।

	• बर्थिङ्ग सेन्टरमा कार्यरत प्रसूतिकर्मीहरुको सामान्य प्रसूति तथा जटिलता व्यवस्थापनको लागि दक्षता अभिवृद्धि गर्ने। • स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय तथा सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने।
अपेक्षित प्रतिफल	१. कार्यक्रम सम्पन्न भएपछि सहभागी स्वास्थ्यकर्मीहरूले राष्ट्रिय मापदण्ड अनुसार सुरक्षित, गुणस्तरीय तथा सम्मानजनक प्रसूति सेवा प्रदान गर्दै सामान्य प्रसूति स्वतन्त्र रूपमा सञ्चालन गर्नका साथै प्रसूति तथा नवजात शिशुसम्बन्धी आपतकालीन अवस्थाको समयमै पहिचान, प्रारम्भिक व्यवस्थापन र आवश्यकतानुसार प्रभावकारी रिफरल गर्न सक्षम हुनेछन्।
सञ्चालन प्रक्रिया	१. प्रदेशभित्रका स्थानीय तहमा सञ्चालित बर्थिङ्ग सेन्टरहरुमा प्रसूति सेवा प्रदान गर्ने नर्सिङ्ग कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि प्रदेशका अस्पताल वा प्रसूति सेवा प्रवाह भईरहेको ५० शैय्याभन्दा माथि क्षमताका अस्पतालहरुमा प्राथमिकता तथा आवश्यकताका आधारमा Clinical Exposure गराउनुपर्नेछ। यसरी अस्पताल छनौट गर्दा गत ३ महिनाको रेकर्ड हेर्दा प्रति महिना न्यूनतम ५० वटा प्रसूति भएको र कम्तीमा २ जना क्लिनिकल मेन्टर भएको हुनुपर्नेछ। २. यसरी Exposure गराउनुभन्दा पूर्व रणनैतिक स्थानमा भएका तर तालिमप्राप्त स्वास्थ्यकर्मीको अभावमा सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरहरु वा न्युन प्रसूति हुने गरेका कारण सामान्य प्रसूति तथा जटिलता व्यवस्थापनको क्षमता संकुचन भएका नर्सिङ्ग स्टाफहरु कार्यरत बर्थिङ्ग सेन्टरहरुको जिल्ला अस्पतालमा रहेका क्लिनिकल मेन्टरहरु एवं जिल्लास्थित स्वास्थ्य कार्यालय मार्फत् स्थानीय तहसँग समन्वय गरी सूची तयार गर्नुपर्नेछ। ३. यसरी सूची तयार गर्दा जिल्ला अस्पतालबाट टाढा रहेका, दुर्गम र सेवाग्राही बढी आउने र प्रसूति सेवा सम्बन्धी तालिम नलिएका वा नयाँ नियुक्त भएका (स्थायी/करार) नर्सिङ्ग कर्मचारीलाई प्राथमिकता दिनुपर्नेछ। ४. Clinical exposure को अवधि १५ दिनको हुनुपर्नेछ। Exposure का लागि आएका नर्सिङ्ग कर्मचारीले अस्पतालको नियमित सिफ्ट ड्युटी बमोजिम त्यहाँका सेवा प्रदायकसंगै मेन्टरको निगरानीमा Maternity ward/Labour room मा खटिई प्रसूति सेवा सम्बन्धी ज्ञान, सीप हासिल गर्नुपर्नेछ। ५. Clinical exposure पूर्व सहभागीहरुलाई तोकिएका मेन्टरहरुले १ दिन सामान्य प्रसूति, Essential Newborn Care लगायत जटिलता व्यवस्थापनका आधारभूत सीपहरु (PPH management, इक्लाम्पसिया व्यवस्थापन, नवजात शिशु रिससिटेसन, रेकर्डिङ्ग रिपोर्टिङ्ग,) सम्बन्धी कोचिंङ्ग गरे पश्चात मात्र सिफ्ट ड्युटीका लागि खटाउनुपर्नेछ। मेन्टीरिङ्गका क्रममा बिहान देखि नै खटिनुपर्ने भएकाले सोही दिन मेन्टर लगायत सहभागीहरुलाई खाना/खाजाको समेत व्यवस्था गर्न सकिनेछ। ६. Clinical exposure गर्दा तोकिएका २ जना क्लिनिकल मेन्टरहरुले समेत सिफ्ट ड्युटी गरी स्वास्थ्यकर्मीलाई मेन्टरिङ्ग गर्नुपर्नेछ। मेन्टरिङ्ग गरेबापत प्रतिदिन ५०० रुपैयाको दरले स्रोतव्यक्ति भत्ता प्रदान गर्न सकिनेछ। Clinical exposureको क्रममा मेन्टरले निम्न लिखित कार्यहरु गर्नुपर्नेछ जस्तै आवश्यकता अनुसार Individual Coaching, daily feedback, skill demonstration,

	logbook प्रमाणीकरण, KMC Orientation, Breastfeeding Support and counseling, infection prevention, waste management, referral system को बारेमा सहभागीहरुलाई अभिमुखीकरण गर्नुपर्नेछ। ७. Clinical exposure कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित अस्पतालसँग आवश्यक समन्वय तथा सहकार्यका लागि अस्पतालका सम्बन्धित पदाधिकारी, क्लिनिकल मेन्टर तथा स्वास्थ्यकर्मीसँग समन्वयात्मक बैठक सञ्चालन गर्न सकिनेछ। यस्तो बैठक सञ्चालन गर्दा नेपाल सरकारको प्रचलित आर्थिक नियमावली तथा स्वीकृत कार्यक्रम बजेटको सीमाभित्र रही सहभागीहरूका लागि खाजा व्यवस्थापनमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ। ८. कार्यक्रमको विनियोजित बजेटबाटै अस्पतालमा एक्सपोजरमा आउने स्वास्थ्यकर्मीलाई प्रचलित मापदण्ड बमोजिमको दैनिक भ्रमण खर्च, stationery, शैक्षिक सामग्री र खाजाको व्यवस्थापन समेत गर्नुपर्नेछ। ९. कार्यक्रममा exposure का लागि गएका सहभागीहरुले तल दिइएको फर्मेटमा लगबुक भरी मेन्टरबाट दैनिक रुपमा प्रमाणित गराउनुपर्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सम्पन्न भएको ३० दिनभित्र स्वास्थ्य निर्देशनालयले निम्न विवरणसहित स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन पेस गर्नुपर्नेछ साथै सहभागीहरुको विवरण वेवसाईटमा अपडेट गर्नुपर्नेछ। • सहभागी संख्या १. संस्थागत विवरण २. हासिल भएका Competency ३. Logbook Summary ४. समस्या तथा सुझाव ५. फोटो ६. Attendance ७. Financial Statement

<u>प्रसुति सेवा सञ्चालनका लागि Skill Enhancement and Rotation को लग बुक</u>

अस्पतालको नामः

सहभागीको नाम, पदः

क्लिनिकल मेन्टरहरुको नामः

मिति	डयुटी सिफ्ट	सिफ्टमा प्रसूति भएको संख्या	जटिलता भएका प्रसुति संख्या	गरिएका क्रियाकलापहरु	प्रमाणित गर्नेको हस्ताक्षर

प्रसुति सेवा सञ्चालनका लागि Skill Enhancement and Rotation को हाजिरी

सि. न.	मिति	डयुटी स्थान र सिफ्ट	हस्ताक्षर

क्रियाकलाप(कोड)/खर्च शीर्षकः प्रसुति जटिलता रिफरल सेवा (२.७.२२.१८२७), २२५२२	
परिचय	प्रसुति तथा नवजात शिशुमा देखिने जटिल अवस्थाको समयमै पहिचान गरी उपयुक्त स्वास्थ्य संस्थामा सुरक्षित र शीघ्र रिफरल (प्रेषण) गर्न आवश्यक यातायात तथा समन्वय सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ। समयमै र प्रभावकारी रिफरल प्रणालीले मातृ तथा नवजात शिशुको मृत्यु तथा जटिलता न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्दछ। नेपाल सरकारको सुरक्षित मातृत्व तथा नवजात स्वास्थ्यसम्बन्धी नीतिले पनि आपतकालीन प्रसूति तथा नवजात सेवाका लागि प्रभावकारी रिफरल प्रणाली, एम्बुलेन्स सेवालाई जोड दिएको छ।
उद्देश्य	• प्रसुति जटिलता भएका गर्भवती तथा सुत्केरी महिलालाई समयमै उपयुक्त रिफरल अस्पतालमा सुरक्षित रूपमा प्रेषण गर्ने। • प्रसुति तथा नवजात आपतकालीन अवस्थामा उपचारमा हुने ढिलाइ (Delay) न्यूनीकरण गर्ने।
अपेक्षित उपलब्धि	प्रसुति जटिलता भएका गर्भवती तथा सुत्केरी महिलाको समयमै उपचार भई मातृ तथा नवशिशु मृत्युदर न्यूनीकरणमा सहयोग हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. प्रदेश स्वास्थ्य निर्देशनालयको मातृ तथा नवजात शिशु शाखामा कार्यरत कर्मचारी एवं हरेक अस्पतालका प्रसुति वार्ड नर्सिङ्ग इन्चार्ज यस कार्यक्रमको फोकल व्यक्ति हुनेछन। २. यस शीर्षकमा विनियोजित बजेटको बारेमा सबै पहाडी र हिमाली भेगका प्रदेश मातहतका अस्पतालहरुमा जानकारी गराउनुपर्नेछ। ३. अस्पतालमा प्रसूति जटिलताको व्यवस्थापन गर्दा पनि पुर्ण व्यवस्थापन हुन नसकेका, आइसियु सेवा सहितको उपचारको आवश्यकता परेका गर्भवती, प्रसूति वा सुत्केरी महिला

	मात्र यस शीर्षकबाट भुक्तानी दिन सकिनेछ। **रिफर गर्दा प्रदेशभित्रका आमा सुरक्षा कार्यक्रम लागू भएका अस्पतालमा मात्र रिफर गरेको हुनुपर्नेछ।** ४. विशेषज्ञ चिकित्सक नभएको कारणले बिरामी रिफर भएमा यस बजेटबाट भुक्तानी गर्न पाइनेछैन। ५. प्रसूति रोग विशेषज्ञ वा एनेस्थेसिया विशेषज्ञ कारणवशः केही समय विदामा बस्नुपर्ने भएमा वा सो अस्पतालमा नियमित भइरहेको प्रसुति सेवा अवरुद्ध हुने देखिएमा सो अवधिमा एक भन्दा बढी विशेषज्ञ भएका अस्पतालहरुबाट काम काज गर्ने गरी निर्देशनालयले खटाउनुपर्नेछ र खटाएको अवधिभरको दैनिक तथा भ्रमण खर्च यसै शीर्षकबाट बेहोर्न सकिनेछ। यसरी विशेषज्ञहरु विदामा बस्नुपर्ने भएमा कम्तिमा १ हप्ता अगावै अस्पतालले निर्देशनालयलाई जानकारी गराउनुपर्नेछ।
अभिलेखीकरण/प्रतिवेदन	प्रेषण भएका बिरामीको विवरण, प्रसुति रोग विशेषज्ञ चिकित्सकको काजको विवरण आदि अभिलेख कार्यालयले दुरुस्त राख्नुपर्नेछ र प्रेषण सूची वेबसाइटमा अपलोड गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः FETP Review (२.७.२२.१८२६)/२२५२२	
परिचय	Field Epidemiology Training Program (FETP) जनस्वास्थ्य क्षेत्रमा रोग निगरानी, प्रकोप अनुसन्धान, तथ्याङ्क विश्लेषण तथा आपतकालीन स्वास्थ्य घटनाको व्यवस्थापनमा दक्ष जनशक्ति विकास गर्ने व्यवहारिक (Competency-based) तालिम कार्यक्रम हो। यस तालिम प्राप्त जनशक्तिबाट महामारी प्रतिकार्यको तयारी तथा प्रभावकारी प्रतिकार्य, एवं प्रभावकारी रोग निगरानी प्रणाली कार्यान्वयनमा महत्वपुर्ण भूमिका खेल्ने अपेक्षा गरिएको हुन्छ। प्रदेश तथा स्थानीय तहमा रहेका FETP तालिमप्राप्त जनशक्तिले अपेक्षा गरेअनुरुपमा कार्य गरेको नगरेको र आपतकालीन अवस्था र महामारीमा निजहरुले खेलेको भूमिका, उपलब्धि, चुनौती, सिकाइ तथा सुधारका क्षेत्रहरूको समीक्षा गरी आगामी कार्ययोजना तयार गर्न यस कार्यक्रम राखिएको हो।
उद्देश्य	• FETP अन्तर्गत सम्पन्न गतिविधिहरूको समीक्षा तथा मूल्याङ्कन गर्नु। • प्रशिक्षार्थीहरूले सञ्चालन गरेका Surveillance, Outbreak Investigation तथा Data Analysis को उपलब्धि लेखाजोखा गरि कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा सिकाइहरू पहिचान गर्नु।
अपेक्षित प्रतिफल	• प्रदेश भित्रका Frontline-Field Epidemiology Training Program (FETP) का graduate हरुले तालिम पछि सम्पन्न गरेका सम्बन्धित क्रियाकलापहरुको प्रस्तुति हुनेछ। • महामारी व्यवस्थापन तथा अन्य सम्बन्धित स्वास्थ्य सेवा व्यवस्थापनमा आइपरेका समस्यहरुका बारेमा छलफल हुने।

	• आगमी समयमा Frontline-Field Epidemiology Training Program (FETP) का graduate खेल्नुपर्ने/सक्ने भूमिका बारे प्रष्ट हुने। • भविश्यमा Frontline-Field Epidemiology Training Program (FETP) का graduate हरुले आफ्नो जिम्मेवारी वहन गर्न सहज वातावरण तयार हुने।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. प्रदेश भित्रका Frontline-Field Epidemiology Training Program (FETP) का graduate हरुको सहभागितामा २ दिने FETP समीक्षा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। २. समीक्षा कार्यक्रम सञ्चालन गर्नु अघि सबै Frontline-Field Epidemiology Training Program (FETP) का graduate हरुलाई प्रस्तुतीकरण ढाँचा सहित सहभागिताका लागि पत्रचार गर्ने। ३. कार्यक्रमलाई प्रभावकारी बनाउन संघीय स्तर (EDCD र NHTC) बाट विषय विज्ञहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ। ४. समीक्षा कार्यक्रममा FETP graduate हरुले तालिम पछि आफुले महामारी तथा अन्य सम्बन्धित स्वास्थ्य सेवा व्यवस्थापनमा खेलेको भूमिका बारे प्रस्तुतीकरण गराउने र आईपरेका समस्यहरुको बारेमा छलफल गर्ने। ५. भविष्यमा Frontline-Field Epidemiology Training Program (FETP) का graduate खेल्नुपर्ने/सक्ने भूमिका बारे प्रष्ट पारी जिम्मेवारी वहन गर्न सहज वातावरण तयारीका लागि कार्ययोजना तयार गर्ने।
अभिलेखीकरण/ प्रतिवेदन	समीक्षा कार्यक्रमको कार्ययोजना सहितको प्रतिवेदन तयार गरी कोशी प्रदेश स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: महामारी लगायत VPD Surveillance ढुवानी व्यवस्थापन (२.७.२२.१८२४)/२२५२२

परिचय	महामारी तथा खोपबाट रोकथाम गर्न सकिने रोग को प्रभावकारी निगरानी, शीघ्र पहिचान, सूचना सम्प्रेषण, केस अनुसन्धान तथा प्रयोगशाला परीक्षणका लागि बिरामीको नमूना, प्रयोगशाला सामग्री तथा आवश्यक कागजातहरू तोकिएको समयभित्र सुरक्षित रूपमा सम्बन्धित प्रयोगशालामा पुऱ्याउनु आवश्यक हुन्छ। VPD surveillance बाट रोगको भार तथा महामारीको अवस्था पहिचान गरी समयमै नियन्त्रण तथा रोकथामका उपाय सञ्चालन गर्न सहयोग पुग्छ। यस कार्यक्रमअन्तर्गत प्रदेशभित्र महामारी तथा VPD surveillance का क्रममा संकलित नमूना, specimen तथा सम्बन्धित surveillance सामग्रीको सुरक्षित, शीघ्र र व्यवस्थित ढुवानी व्यवस्थापन गरिनेछ।
उद्देश्य	• नेपाल सरकारको स्वास्थ्य प्रणालीमा खोपबाट बचाउन सकिने रोगहरूको खोजपडताल, निगरानीको कार्यलाई एकीकृत गरी सञ्चालन गर्ने। • सबै तहबाट रोगहरुको खोजपड्ताल, शंकास्पद बिरामीको अनुसन्धान, निगरानी, नमूना सङ्कलन र ढुवानी जस्ता कार्य गर्ने र सो को अपनत्व विकास गर्ने।
अपेक्षित प्रतिफल	सबै तहका स्वास्थ्य संस्था/ स्वास्थ्यकर्मीहरुको क्षमता विकास भई क्रमशः VPD सर्भिलेन्सको कार्यहरु सञ्चालन र अपनत्व विकास हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. **अभिमुखीकरण तथा योजना:** यस अघि यी कार्यहरु प्रत्यक्षरुपमा विश्व स्वास्थ्य संगठनको सहयोगमा सञ्चालन भई रहेको र पोलियो संक्रमणकालिन योजना अनुसार नेपाल सरकारको स्वास्थ्य प्रणालीमा एकीकृत गरी सञ्चालन गर्नुपर्ने भएकोले सो बारे प्राविधिक एवं व्यवस्थापकीय पक्ष बारे सबै तहमा जानकारी र क्षमता विकास गर्नु जरुरी हुन्छ। तसर्थ : बजेटको परिधिमा रही विशेष गरी खोप बाट बचाउन सकिने रोगहरुको भार र यस अघि धेरै नमूना सङ्कलन हुने मेडिकल कलेज, निजि अस्पताल र उच्च जोखिम जिल्ला/ स्थानीय तहलाई समेत समेटेर चिकित्सक, फोकल पर्सनहरुलाई १ दिने VPD case Surveillance/ अनुसन्धान/नमूना सङ्कलन र ढुवानी सम्बन्धी अभिमुखीकरण र योजना तयार गर्नुपर्नेछ। २. **नमूना सङ्कलन/ ढुवानी, जनशक्ति परिचालन र खर्च व्यवस्थापन:** यस बजेट बाट मुख्यरुपमा खोप बाट बचाउन सकिने रोगहरुको अनुसन्धान र नमूना सङ्कलनमा जनशक्ति परिचालन तथा नमूना ढुवानीको व्यवस्थापन गर्नु पर्नेछ। यहि कार्यको लागि संघिय सशर्त बजेट समेत सबै तहमा विनियोजन भएको हुँदा कार्यक्रम सञ्चालन र खर्च व्यवस्थापन दोहोरो नहुने गरी गर्ने व्यवस्था गर्नुपर्नेछ। यस क्रियाकलाप तथा बजेट बाटः • VPD सर्भिलेन्स/ अनुसन्धानको लागि लागि जनशक्ति परिचालन • नमूना सङ्कलन र ढुवानी (जिल्ला बाट प्रदेश र प्रदेश बाट संघमा)

	३. उक्त कार्यको लागि सबै स्थानीय तहमा र सबै जिल्लामा समेत केही बजेट विनियोजन भएकोले यो शीर्षकमा विनियोजित बजेट बाट प्रदेश स्तरको प्रयोगशाला र संघमा नमूना ढुवानीको लागि प्राथमिकता दिई WHO/IPD को सहयोगमा प्रणाली विकास गर्नुपर्नेछ। प्रदेश बाट संघीय तहमा नमूना ढुवानी गर्न हवाई सेवाको प्रयोग गर्नु पर्ने भएकोले हवाई सेवा प्रदायक सस्थाहरु संग सम्झौता गरी संघीय स्वास्थ्य सेवा बिभाग, परिवार कल्याण महाशाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको समन्वयमा नमूना ढुवानी सुरुवात गरी भुक्तानी व्यवस्था गर्नुपर्नेछ। **नोटः** निजी अस्पताल, मेडिकल कलेज, संघीय अस्पताल आदिबाट समेत नमूना सङ्कलन र ढुवानी गर्दा यही बजेटबाट दोहोरो नहुने गरी स्वास्थ्य निर्देशनालयबाट भुक्तानी गर्न सकिनेछ। प्रदेश/जिल्ला/स्थानीय स्तरमा रहेका निजी अस्पताल, मेडिकल कलेज, संघीय अस्पताल बाट तोकिएको स्थान (जिल्ला/ प्रदेश) मा नमूना ढुवानी गर्दा स्थानीय यातायात (दैनिक अधिकतम रु १०००।००) खर्च उपलब्ध गराउन सकिनेछ। **खर्च भुक्तानीको आधारः** बिरामीको प्रतिवेदन, अनुसन्धान फारम, नमूना सङ्कलन ढुवानीको लागि परिचालन भएको भ्रमण आदेश, नमूना तोकिएको ठाँउमा बुझाएको प्रमाण आदि।
अभिलेखीकरण/ प्रतिवेदन	बिरामीको अभिलेख, नमूना ढुवानीको प्रगति, वित्तिय प्रगति आदिको विवरण संलग्न राखी कार्यसम्पन्न प्रतिवेदन तयार गरि मन्त्रालयमा पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः महामारी रोग रोकथाम, नियन्त्रण तथा विपद व्यवस्थापन र जनशक्ति परिचालन (२.७.२२.१८२२)/२२५२२	
परिचय	महामारी तथा संक्रामक रोग, खोपबाट बचाउन सकिने रोगको प्रकोप, प्राकृतिक तथा अन्य विपद्का समयमा जनस्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न समयमै जोखिम पहिचान, प्रारम्भिक सूचना सङ्कलन, अनुसन्धान, रोकथाम तथा नियन्त्रणका उपाय सञ्चालन र आवश्यक जनशक्ति परिचालन आवश्यक हुन्छ। महामारी वा विपद्को समयमा स्वास्थ्य संस्थाको नियमित सेवासँगै द्रुत प्रतिकार्य टोली परिचालन, नमूना सङ्कलन तथा परीक्षण, केस व्यवस्थापन, संक्रमण रोकथाम तथा नियन्त्रण, जोखिम सञ्चार र आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन गर्नुपर्ने हुन्छ। तसर्थ यस्ता महामारी नियन्त्रणलाई प्रभावकारी कार्यान्वयनका लागि यस कार्यक्रम राखिएको हो
उद्देश्य	• महामारी रोग ,खोप बाट बचाउन सकिने रोगहरु लगायत अन्य रोगहरुको सम्भावित प्रकोप/ महामारी रोकथाम/नियन्त्रणको पहिचान र पूर्व तयारी गर्ने। • रोग/ प्रकोप देखा परेमा तत्काल प्रतिकार्य गरी रोग नियन्त्रण गरी जोखिम न्यूनीकरण गर्ने

स्वीकृत मितिः २०८३।०४।२५

अपेक्षित प्रतिफल	• खोप बाट बचाउन सकिने रोगहरुको सम्भावित जोखिम कम भई नियन्त्रण, निवारण र उन्मुलनको अवस्था कायम हुनेछ। • अन्य संक्रामक रोगहरुको संक्रमण रोकथाम नियन्त्रण भई जटिलता र जोखिम न्यूनीकरण हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य अनुसार पोलियो उन्मुलन, दादुरा रुबेला निवारण, अन्य रोगहरु नियन्त्रण गर्न तथा अन्य महामारीजन्य रोगहरुको द्रुत खोजी र निगरानी गरी रोग रोकथाम र नियन्त्रणको कार्यलाई प्रभावकारी बनाई महामारीबाट हुने जोखिम न्यूनीकरण गर्न यो क्रियाकलाप तथा बजेटबाट महामारी जन्य समस्या/रोगहरु देखा परिरहेका, देखा पर्न सक्ने उच्च जोखिम समुदाय (खोप सेवाको न्युन प्रगति भएका, खोप शुन्य मात्रा भई रहेका, खोप सेवा लगायत अन्य स्वास्थ्य सेवाको उपभोग कम गर्ने आदि) र अन्य संक्रामक रोगहरु समेत देखा परिरहेका समुदायहरुको पहिचान गरी त्यस्ता स्थानीय तहका स्वास्थ्यकर्मी, स्वयंसेविका र समुदायका अगुवाहरुसँग अभिमुखीकरण, अन्तरक्रिया र सचेतीकरण गर्न सकिनेछ। २. कहीं कतै VPD लगायत अन्य संक्रामक रोग/महामारी जन्य रोग देखा परेमा सो को अनुसन्धान र निगरानीको लागि आवश्यकता अनुसार प्रदेश/जिल्ला/स्थानीय तहबाट जनशक्ति परिचालन साथै आवश्यकता अनुसार प्रतिकार्य/प्रकोप नियन्त्रणको लागि ORI सञ्चालन लगायतका कार्य गर्ने। ३. उच्च जोखिम क्षेत्र/समुदायमा जोखिम अवस्थाको पहिचानको लागि स्वास्थ्यकर्मी परिचालन/घरधुरी सर्वेक्षण गराई सो को विश्लेषण र जोखिम न्यूनीकरणको लागि आवश्यकता अनुसार क्रियाकलाप सञ्चालन गर्ने।
अभिलेखीकरण/ प्रतिवेदन	क्रियाकलाप सम्पन्न भएपछि सो को विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्ने।

२) **क्रियाकलाप(कोड)/खर्च शीर्षकः** मेरो स्वास्थ्य मेरो जिम्मेवारी स्वास्थ्य अभियान सञ्चालनलाई प्राविधिक सहयोग (२.७.२२.१८२३)/२२५२२	
परिचय	
उद्देश्य	"मेरो स्वास्थ्य मेरो जिम्मेवारी" स्वास्थ्य अभियानको प्रभावकारी, गुणस्तरीय तथा मापदण्ड अनुसार कार्यान्वयन सुनिश्चित गर्न प्रादेशिक तहबाट नियमित प्राविधिक सुपरिवेक्षण, सहजीकरण, अनुगमन तथा समन्वय गर्ने।
अपेक्षित प्रतिफल	• अभियान स्वीकृत कार्यविधि तथा मापदण्डअनुसार सञ्चालन भएको सुनिश्चित हुने। • स्वस्थ जीवन प्रवर्द्धनका लागि सचेतना कार्यक्रमका साथै नसर्ने रोगको स्क्रिनिंगका क्रियाकलापहरु, दिवसहरु मनाउने कार्यक्रमहरु सञ्चालन गर्नको लागि सचेतना फैलाउन प्रचार प्रसारका क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन भएको सुनिश्चित गर्नको लागि जिल्ला तथा स्थानीय तहलाई आवश्यक प्राविधिक परामर्श र सहजीकरण प्राप्त हुने। • अभियानको प्रगति तथा उपलब्धिको समीक्षा गर्ने र सेवा प्रवाहमा देखिएका समस्या, कमजोरी तथा चुनौतीहरूको पहिचान गरी सुधारात्मक कार्ययोजना निर्माण हुने।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. सम्बन्धित जिल्लाहरुलाई निर्देशिकामा आधारित सचेतना कार्यक्रमहरुको व्यवस्थापन, सञ्चालन तथा सहजीकरणका लागि आवश्यक समन्वय तथा प्राविधिक सहयोग प्रदान गर्नुपर्नेछ। २. बहुक्षेत्रीय निकाय तथा सरोकारवालासँग समन्वय गरी अभियान सञ्चालनमा सहजीकरण गर्नुपर्नेछ। ३. स्वस्थ जीवन प्रवर्द्धनका लागि सचेतना कार्यक्रमहरु साथै सम्बन्धित कार्यक्रमहरुको स्थलगत अनुगमन तथा सहजीकरण गर्नुपर्नेछ। ४. अभियानको प्रगति तथा उपलब्धिको समीक्षा गर्ने तथा देखिएका समस्या, कमजोरी तथा चुनौतीहरूको पहिचान गरी सुधारात्मक कार्ययोजना तयार गर्नुपर्नेछ।
अभिलेखीकरण/ प्रतिवेदन	• विभिन्न अभियान सञ्चालन सम्बन्धी कार्ययोजना, उपस्थिति, अनुगमन फाराम, फोटो तथा अन्य आवश्यक अभिलेख तयार गर्नुपर्नेछ। • अभियानको प्रगति तथा उपलब्धि सहितको प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालय/स्वास्थ्य मन्त्रालय तथा सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: जिल्लास्थित आयुर्वेद, अस्पताल, स्वास्थ्य कार्यालयको Key Indicator based monitoring Evaluation (२.७.२२.१८३८)/२२५२२

परिचय	जिल्लास्थित आयुर्वेद स्वास्थ्य संस्था, अस्पताल तथा स्वास्थ्य कार्यालयबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रगति, सेवा प्रवाहको अवस्था, उपलब्ध स्रोतसाधनको उपयोग तथा कार्यक्रमको प्रभावकारिता नियमित रूपमा मापन गर्न Key Indicator Based Monitoring and Evaluation आवश्यक हुन्छ। यस कार्यक्रमअन्तर्गत तोकिएका प्रमुख स्वास्थ्य सूचकका आधारमा जिल्लास्थित आयुर्वेद संस्था, अस्पताल तथा स्वास्थ्य कार्यालयको सेवा प्रवाह र कार्यक्रम कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिनेछ। अनुगमनबाट प्राप्त तथ्य तथा प्रमाणका आधारमा कमजोर सूचक पहिचान गरी सुधारात्मक कार्ययोजना तयार गर्ने र आगामी कार्यक्रमलाई तथ्यमा आधारित बनाउने अभिप्रायले यस कार्यक्रमको योजना गरिएको हो।
उद्देश्य	जिल्लास्थित आयुर्वेद, अस्पताल तथा स्वास्थ्य कार्यालयको कार्यसम्पादनलाई प्रमुख सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरी स्वास्थ्य सेवा प्रवाहको गुणस्तर र कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु
अपेक्षित प्रतिफल	Indicators मा सुधार आएको हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्वास्थ्य कार्यालय, अस्पताल तथा आयुर्वेद संस्थाका लागि छुट्टाछुट्टै Key Indicator निर्धारण गरी प्रत्येक सूचकको baseline, वार्षिक लक्ष्य र उपलब्धि निर्धारण गर्नुपर्नेछ। २. AHMIS लगायत आवश्यकता अनुसार सेवा रजिस्टर, अस्पताल अभिलेख, आयुर्वेद सेवा अभिलेख, औषधि स्टक तथा अन्य कागजातको verification गर्नुपर्नेछ र निर्धारित सूचकका आधारमा सम्बन्धित संस्थाको स्थलगत अनुगमन गर्नुपर्नेछ। ३. उपलब्ध तथ्याङ्कको verification, validation र triangulation गरी सेवा प्रवाहमा देखिएका समस्या तथा gap पहिचान गर्नुपर्नेछ। ४. प्रत्येक संस्थाको उपलब्धिलाई सूचकअनुसार scorecard मा प्रस्तुत गर्न सकिनेछ भने अनुगमनबाट प्राप्त नतिजा सम्बन्धित संस्थासँग छलफल गरी कमजोर सूचकको कारण पहिचान गर्नुपर्नेछ। ५. जिम्मेवार व्यक्ति/निकाय, समयसीमा र आवश्यक स्रोतसहित Corrective Action Plan (CAP) तयार गर्नुपर्नेछ। ६. पहिचान गरिएका कमजोरी सुधार भए/नभएको हेर्न follow-up monitoring गर्ने र सुधारको प्रगति पुनः scorecard मा अद्यावधिक गर्नुपर्नेछ। ७. सम्बन्धित संस्थामा गई छलफल गर्दाको दैनिक भ्रमण खर्च, खाजा खर्च लगायतको व्यवस्थापनमा प्रचलित मापदण्ड अनुसार खर्च गर्न सकिनेछ।

अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रमको निर्धारित सूचकहरु, जिल्लाको अवस्था, सुधारका योजना सहितका छलफलका माइनुट लगायतको अभिलेख राख्नुपर्नेछ भने सुधारका लागि सुझावसहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः स्वास्थ्य संस्था दर्ता नविकरण (२.७.२२.१८३०)/२२५२२	
परिचय	यस कार्यक्रममार्फत् स्वास्थ्य निर्देशनालयले प्रदेश जनस्वास्थ्य सेवा नियमावली, २०८२ ले तोकेबमोजिम २६ देखि ५० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पतालको सञ्चालन स्वीकृति एवं नवीकरण मापदण्ड सुनिश्चितताको लागि यस कार्यक्रमको परिकल्पना गरिएको हो।
उद्देश्य	प्रचलित स्वास्थ्य संस्था सञ्चालन तथा स्थापनाको स्वीकृत मापदण्ड बमोजिम तोकिए बमोजिमका स्वास्थ्य संस्थाहरुबाट सेवा सञ्चालन भइरहेको यकिन गरी सञ्चालन स्वीकृति एवं नविकरणको इजाजत प्रदान गर्ने।
अपेक्षित प्रतिफल	इजाजत प्राप्त गर्ने स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर सुनिश्चितता हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्वास्थ्य संस्थाहरुको ईजाजत र नवीकरण गर्नका लागि आवेदन सङ्कलन गर्नुपर्नेछ। २. आवेदन प्राप्त भएका स्वास्थ्य संस्थाहरुमा प्रदेश वा सो नभए संघीय सरकारको स्वीकृत मापदण्ड/निर्देशिका बमोजिम स्वास्थ्य निर्देशनालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमनको व्यवस्थापन गर्नुपर्नेछ। ३. अनुगमन टोलीले अनिवार्य रुपमा प्रचलित मापदण्ड/निर्देशिका अनुसारको standard checklist प्रयोग गरी स्थलगत निरीक्षणका क्रममा checklist मा भौतिक पूर्वाधार, मानव संसाधन, सेवा प्रवाह प्रणाली लगायत सम्पुर्ण व्यवस्था भए/नभएको यकिन गरी checklist भरी प्रतिवेदन गर्नुपर्नेछ। ४. यस कार्यक्रममा स्वास्थ्य संस्थाहरुको ईजाजत, नवीकरण अनुगमन बाहेक स्वास्थ्यका अन्य कार्यक्रमहरुको समेत अनुगमन/सुपरिवेक्षण गर्न सकिनेछ। सो क्रममा देखिएका सवल र सुधार गर्नुपर्ने पक्षहरुका बारेमा तत्काल सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई सुधारका लागि पहल गरी सो को सुनिश्चितता गर्नुपर्नेछ। ५. ईजाजतपत्रका लागि सिफारिस गरिएका स्वास्थ्य संस्थाको हकमा अनुगमनका क्रममा प्रयोग भएका प्रमाणित Checklist हरु समेत संलग्न गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्नुपर्नेछ। ६. यस कार्यक्रममा विनियोजित बजेटबाट प्रचलित निर्देशिका बमोजिम अस्पताल अनुगमन गर्दाको दैनिक तथा भ्रमण खर्च बापत खर्च गर्न सकिनेछ। निर्देशिकाले तोकेबमोजिमका बैठक तथा अनुगमनहरु कार्ययोजना निर्माण गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई मात्र गर्नुपर्नेछ।

अभिलेखीकरण/ प्रतिवेदन	स्वास्थ्य निर्देशनालयको तोकिएको टोलीले अनुगमन गरेपश्चात स्वीकृति प्राप्त गरेका,नविकरण भएका स्वास्थ्य संस्था एवं अस्पतालहरुको लिष्ट कार्यसम्पन्न भएको १ हप्ताभित्रै कार्यालयको वेबसाइटमा अपलोड गर्नुपर्नेछ र सो सम्बन्धित विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।
सन्दर्भ सामग्री	कोशी प्रदेश जनस्वास्थ्य ऐन ,२०७७ कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८२ राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०८२ स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७

क्रियाकलाप(कोड)/खर्च शीर्षक: स्वास्थ्य कार्यक्रम कार्यान्वयन निर्देशिका/मापदण्ड (२.७.२२.१८४१)/२२५२२	
परिचय	स्वास्थ्य सेवाको प्रभावकारी, गुणस्तरीय, एकरूप र परिणाममुखी कार्यान्वयनका लागि प्रदेश, स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट सञ्चालन हुने स्वास्थ्य कार्यक्रमहरू स्पष्ट कार्यविधि, मापदण्ड, जिम्मेवारी तथा अनुगमन प्रणालीका आधारमा सञ्चालन हुनु आवश्यक हुन्छ। प्रदेशमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको बढ्दो भारलाई सम्बोधन गर्न समुदायस्तरमै जोखिम पहिचान, प्रारम्भिक स्क्रिनिङ, परामर्श, उपचार तथा आवश्यकतानुसार प्रेषण प्रणालीलाई व्यवस्थित गर्न आवश्यक रहेको छ। त्यसैगरी मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको क्षेत्रमा समेत कोशी प्रदेशको मातृमृत्यु राष्ट्रिय औषत भन्दा बढिरहेको र अझै पनि घरमा हुने प्रसुति उल्लेख्य संख्यामा रहेको हुँदा यस समस्यालाई सम्बोधन गर्न स्थानीय तहलाई स्पष्ट प्राविधिक मार्गदर्शन जरुरी देखिएको हुँदा यस कार्यक्रमको योजना गरिएको हो।
उद्देश्य	• नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको स्क्रिनिङ्ग तथा रोकथामको प्रदेशस्तरीय कार्ययोजना तयार गर्ने। • होम डेलिभरी न्यूनीकरण गर्दै गुणस्तरीय संस्थागत प्रसुति सेवामा पहुँच वृद्धि गर्न मापदण्ड तयार गर्ने।
अपेक्षित प्रतिफल	जनस्वास्थ्य समस्याको रुपमा रहेका नसर्ने रोग र उच्च मातृ मृत्यु कम गर्न स्पष्ट दिशानिर्देश प्राप्त हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. यस बजेटबाट यस आ.व.मा "शुन्य होम डेलीभरी स्थानीय तह घोषणाका मापदण्ड" एवं " नसर्ने रोग /मानसिक स्वास्थ्य समस्या पहिचान तथा कार्यान्वयन योजना" तयार गर्नुपर्नेछ। २. तोकिएका दस्तावेजहरुमा सामेल हुनुपर्ने विषयवस्तु पहिचान, प्रारम्भिक मस्यौदा तयारी, विज्ञ तथा सरोकारवालाहरुबाट सुझाव सङ्कलन, कार्यशाला/परामर्श बैठक सञ्चालन, अन्तिम मस्यौदा तयारीसम्मका क्रियाकलापहरु सम्पन्न गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नुपर्नेछ।

	३. बजेटको परिधिभित्र रही माथि उल्लिखित भन्दा थप दस्तावेजको आवश्यकता महसुस भएमा मन्त्रालयसँग छलफल गरी निर्माण गर्न सकिनेछ। ४. यस शीर्षकमा विनियोजित बजेटबाट दस्तावेज निर्माण समितिको बैठक भत्ता, खाजा खर्च, सरोकारवालाहरुसँगको कार्यशाला व्यवस्थापनमा खर्च गर्न सकिनेछ।
अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सञ्चालनका क्रममा गरिएका सम्पुर्ण क्रियाकलापहरुको अभिलेख राखी सम्पन्न भएपश्चात प्रतिवेदन पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: HIV AIDS क्षति न्यूनीकरण सचेतना र पैरवी कार्यक्रम (२.७.२२.१८४८)/२२५२२	
परिचय	HIV/AIDS क्षति न्यूनीकरण (Harm Reduction) सचेतना तथा पैरवी कार्यक्रम भनेको एचआईभी संक्रमणको जोखिममा रहेका समुदाय तथा सरोकारवालाहरूलाई लक्षित गरी संक्रमण रोकथाम, स्वास्थ्य सेवा पहुँच अभिवृद्धि, भेदभाव तथा कलंक न्यूनीकरण र सहयोगी नीति निर्माणका लागि सञ्चालन गरिने कार्यक्रम हो। यस कार्यक्रमले विशेष गरी सुईमार्फत् लागूऔषध प्रयोगकर्ता (PWID), यौनकर्मी (FSW/MSM/TG), कैदी, वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा अन्य जोखिममा रहेका समूहलाई लक्षित गर्दछ। यस सचेतना तथा पैरवी कार्येक्रमका लागि लक्षित समूह (PWID, FSW, MSM/TG, युवा, महिला समूह, जनप्रतिनिधि, प्रहरी, संचारकर्मी, स्वास्थ्यकर्मी लगायत) आदि हुनेछन्।
उद्देश्य	• HIV/AIDS सम्बन्धी सही जानकारी, सुरक्षित व्यवहार तथा HIV परीक्षण, उपचार (ART) लगायतका सेवामा पहुँच अभिवृद्धि गरी संक्रमणको जोखिम न्यूनीकरण गर्ने। • HIV संक्रमित तथा जोखिममा रहेका व्यक्तिप्रति हुने कलंक र भेदभाव न्यूनीकरण गर्न स्थानीय तह र सरोकारवालासँग समन्वय र पैरवी गर्ने।
अपेक्षित प्रतिफल	• समुदायमा HIV/AIDS सम्बन्धी ज्ञान तथा सचेतनामा वृद्धि भई सुरक्षित व्यवहारको अभ्यास बढ्ने तथा HIV परीक्षण, परामर्श र ART लगायतका सेवाको उपयोगमा वृद्धि हुनेछ। • HIV संक्रमित तथा जोखिममा रहेका व्यक्तिप्रति हुने कलंक र भेदभावमा कमी आई स्थानीय तह तथा सरोकारवालाहरूबाट HIV/AIDS कार्यक्रमका लागि नीति, योजना, स्रोत तथा बजेट व्यवस्थापनमा सहयोग र प्रतिबद्धता अभिवृद्धि हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्थानीय तहका जनप्रतिनिधि, पत्रकारहरु, प्रहरी र एचआईभी संक्रमितलाई लाञ्छना र भेदभाव न्यूनीकरणको बारेमा एक दिने सचेतनामूलक अन्तरक्रिया तथा पैरवी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। २. यो कार्यक्रम गर्दा प्रदेश सरकारको नियमानुसार बजेटको परिधिभित्र रही सञ्चालन गर्नु पर्नेछ।

अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सम्पन्न भएपछि सहभागी संख्या, कार्यक्रमका प्रमुख गतिविधि, उपलब्धि, चुनौती, सुझाव, फोटोसहितको प्रतिवेदन तथा खर्च विवरण स्वास्थ्य निर्देशनालयले मन्त्रालयलाई पेस गर्नुपर्नेछ।

क्रियाकलाप (कोड)/खर्च शीर्षकः MSS Resource Person Development (२.६.४.५५)/ २२५१२	
परिचय	न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards—MSS) स्वास्थ्य संस्थाहरूमा सेवाको गुणस्तर सुधार, सुशासन, सेवाग्राही सन्तुष्टि तथा बिरामी सुरक्षालाई सुनिश्चित गर्ने राष्ट्रिय गुणस्तर सुधार प्रणाली हो। MSS को प्रभावकारी कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा दक्ष र सक्षम **स्रोत व्यक्ति**को विकास आवश्यक हुन्छ। यस कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाका दक्ष जनशक्तिलाई MSS सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, मूल्याङ्कन, स्कोरिङ, कार्ययोजना निर्माण, सहजीकरण तथा अनुगमन सम्बन्धी क्षमता अभिवृद्धि गरी प्रदेशस्तरीय MSS स्रोतव्यक्तिको पुल तयार गर्ने अभिप्रायले यस कार्यक्रम योजना गरिएको हो।
उद्देश्य	• अस्पतालको न्यूनतम सेवा मापदण्ड लेखाजोखा गर्न स्रोत व्यक्ति तयार हुने। • चिकित्सक/स्वास्थ्यकर्मीहरुको क्षमता विकास हुने। • तालिम प्राप्त चिकित्सक/स्वास्थ्यकर्मीहरुबाट अस्पतालहरुमा आम नागरिकहरुलाई स्वास्थ्य उपचार/ सेवाका लागि तयारीको अवस्थामा सुधार हुने।
अपेक्षित उपलब्धि	• न्यूनतम सेवा मापदण्ड लेखाजोखाको अस्पतालमा गरिने स्वःमुल्याङ्कन गर्न सक्षम हुने। • नगर/ प्रदेश अन्तर्गतका अस्पतालमा गरिने संयुक्त न्यूनतम सेवा मापदण्ड लेखाजोखाको मुल्याङ्कनमा स्रोत व्यक्तिको पुल तयार हुनेछ।
सञ्चालन प्रक्रिया	१. यस अघि MSS स्रोत व्यक्तिको रुपमा दर्ता भएका व्यक्तिहरुको सूची तयार गर्ने र स्रोत व्यक्ति कम भएका जिल्लाहरु (आवश्यकता) पहिचान गर्ने र सो जिल्लाहरुलाई प्राथमिकतामा राखी यसअघि तालिम प्राप्त नगरेका विशेषज्ञ चिकित्सक/मेडिकल अधिकृत/नर्सिङ्ग अधिकृत/जनस्वास्थ्य अधिकृत एवं अस्पताल व्यवस्थापकहरुलाई सहभागी गराई तालिम सञ्चालन गर्नुपर्नेछ। २. स्वास्थ्य सेवा बिभागको चिकित्सा सेवा महाशाखासँग समन्वय गरी न्यूनतम सेवा मापदण्डको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सम्बन्धित विषय विज्ञबाट तालिम सञ्चालन गर्नुपर्नेछ। ३. तालिम २ दिवसीय हुनेछ र प्रचलित खर्चको मापदण्ड बमोजिम नै तालिम सञ्चालन गर्नुपर्नेछ। ४. तालिम स्वास्थ्य मन्त्रालय कोशी प्रदेश र उपचारात्मक सेवा महाशाखा टेकु काठमाण्डौको समन्वयमा गर्नुपर्नेछ।
प्रतिवेदन	तालिम कार्यक्रम सम्पन्न भएपछि तालिम प्राप्त स्रोत व्यक्तिहरुको नामावली सहितको विस्तृत प्रतिवेदन कार्यलयको वेबसाइटमा अपलोड गर्नुपर्नेछ भने विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशमा पेस गर्नुपर्नेछ।

सन्दर्भ सामग्री	उपचारात्मक सेवा महाशाखाबाट तयार भएको अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यन्वयन कार्यविधि २०७७ सम्बन्धित TOOLS र निर्देशिका २०७७ अनुसार कार्यक्रम सञ्चालन गर्ने।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः Clinical Audit Resource Person Development (२.६.४.५६)/ २२५१२	
उद्देश्य	• चिकित्सक/स्वास्थ्यकर्मीहरुका लागि अस्पतालहरुको क्लिनिकल अडिट गर्न स्रोत व्यक्ति तयार हुने। • अस्पतालबाट प्रवाह हुने सेवाको गुणस्तरमा सुधारमा टेवा पुग्ने। • सेवा प्रदायकलाई सेवा प्रति जिम्मेवार र जवाफदेही बनाउने।
अपेक्षित उपलब्धि	• क्लिनिकल अडिटको स्व:मुल्याङ्कन गर्न सक्षम हुने। • सेवा प्रदायकलाई सेवा प्रति जिम्मेवार र जवाफदेही बनाई अस्पतालले दिने सेवाको गुणस्तरमा सुधार आउने।
सञ्चालन प्रक्रिया	१. क्लिनिकल अडिटको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सम्बन्धित विषय विज्ञ बाट तालिम सञ्चालन गर्नुपर्नेछ। २. यसअघि तालिम प्राप्त नगरेका मेडिकल सुपरिटेन्डेन्ट/विशेषज्ञ चिकित्सक/मेडिकल अधिकृत/नर्सिङ्ग अधिकृत/ अस्पताल व्यवस्थापन अधिकृतहरुलाई सहभागी गराउनुपर्नेछ। ३. तालिम सञ्चालन २ दिनको हुनेछ। ४. तालिम प्रदेश स्वास्थ्य मन्त्रालय र उपचारात्मक सेवा महाशाखा टेकु काठमाडौंको समन्वयमा गर्नुपर्नेछ।
अभिलेख/ प्रतिवेदन	तालिम कार्यक्रम सम्पन्न भए पछि तालिम प्राप्त स्रोत व्यक्तिहरुको नामावली सहितको विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश र उपचारात्मक सेवा महाशाखा टेकु काठमाडौंमा पेस गर्नुपर्नेछ।
सन्दर्भ सामग्री	उपचारात्मक सेवा महाशाखाबाट तयार भएको क्लिनिकल अडिट सञ्चालन कार्यविधि निर्देशिका २०७७ तथा मापदण्ड २०७९

क्रियाकलाप(कोड)/खर्च शीर्षक: एकीकृत घुम्ती अस्पताल सञ्चालन औषधी सहित (आँखा, मुख, बाल स्वास्थ्य लगायत अन्य सेवा) (२.७.२२.१८३१)/ २२५२२

परिचय	भौगोलिक विकटता, स्वास्थ्य संस्थासम्मको पहुँचको कमी, आर्थिक तथा सामाजिक अवस्थाका कारण कतिपय नागरिकले समयमै आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने अवस्था रहेको छ। विशेषगरी ग्रामीण, दुर्गम तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा आँखा, मुख तथा दन्त, बाल स्वास्थ्य, महिला स्वास्थ्य, नसर्ने रोग तथा सामान्य स्वास्थ्य परीक्षण लगायतका सेवा एकीकृत रूपमा पुऱ्याउन घुम्ती स्वास्थ्य सेवा प्रभावकारी माध्यम हुन सक्छ। कोशी प्रदेश सरकारले ग्रामीण बस्तीमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले आधुनिक उपकरणसहितको **घुम्ती अस्पताल** सञ्चालनमा ल्याएको छ। यसमा आवश्यकतानुसार आधारभूत परीक्षण तथा विशेषज्ञ सेवासमेत सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ। यस कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका लक्षित समुदायमा एकीकृत स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार, परामर्श, औषधि वितरण तथा आवश्यकतानुसार प्रेषण (Referral) सेवा सञ्चालन गरिनेछ।
उद्देश्य	स्वास्थ्य सेवाको पहुँच न्यून भएका समुदायमा एकीकृत तथा गुणस्तरीय स्वास्थ्य सेवा घुम्ती अस्पतालमार्फत् उपलब्ध गराउने।
अपेक्षित उपलब्धि	• ग्रामीण तथा दुर्गम क्षेत्रमा आँखा, मुख तथा दन्त, बाल स्वास्थ्य, महिला स्वास्थ्य तथा अन्य प्राथमिक स्वास्थ्य समस्याको समयमै पहिचान र उपचार हुनेछ। • उच्च रक्तचाप, मधुमेह, पाठेघरको मुखको क्यान्सर लगायत नसर्ने रोगको स्क्रिनिङ तथा जोखिम पहिचान गर्न सकिनेछ। • पहिचान भएका बिरामीलाई आवश्यक प्रयोगशाला तथा अन्य आधारभूत परीक्षण सेवा एवं औषधि निःशुल्क उपलब्ध हुनेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्वास्थ्य सेवाको पहुँच कम भएका ग्रामीण तथा दुर्गम क्षेत्र, आर्थिक तथा सामाजिक रूपमा विपन्न समुदाय एवं उच्च रक्तचाप, मधुमेह तथा अन्य NCD को जोखिममा रहेका व्यक्तिहरु बढी भएको स्थानीय तहमा स्थानीय तह एवं सरोकारवालाहरुसँगको समन्वयमा शिविर सञ्चालन गर्नुपर्नेछ। २. शिविर सञ्चालनको योजना बनाउँदा लाभग्राहीको संभावित संख्या अनुमान गरी सोही अनुरुप स्वास्थ्यकर्मी, औषधी तथा स्वास्थ्य सामग्री, परिक्षण उपकरण तथा केमिकल्स, रिफरल अस्पतालसँग समन्वय गर्नुपर्नेछ र शिविर सञ्चालनको १ हप्ता अगावै प्रचारप्रसार तथा समुदाय परिचालन गर्नुपर्नेछ। विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा समेत शिविर सञ्चालन गर्न सकिनेछ। ३. विनियोजित बजेटबाट शिविर सञ्चालनको लागि औषधी,जनशक्ति, प्रचार प्रसार एवं केमिकल्स रिएजेन्ट लगायतका व्यवस्थापनका लागि खर्च गर्नुका अतिरिक्त घुम्ती अस्पतालको रुपमा

	प्रयोग भएको बसको maintenance का लागि विनियोजित बजेटको 5% सम्म खर्च गर्न सकिनेछ । ४. स्वास्थ्य शिविरबाट सेवा लिएका सेवाग्राहीको विवरण अनिवार्य DHIS2 मा प्रविष्टि भएको हुनुपर्नेछ ।
अभिलेखकरण/ प्रतिवेदन	शिविरको संख्या, हरेक शिविरमा सेवा लिने सेवाग्राहीको संख्या (सेवा अनुसार), रिफर भएका संख्या सहितको भौतिक तथा वित्तीय प्रगतिको अभिलेख राखी विस्तृत प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ भने सेवाग्राहीको संख्या कार्यालयको वेबसाइटमा समेत अपलोड गर्नुपर्नेछ ।

क्रियाकलाप(कोड)/खर्च शीर्षक: Robson's कार्यान्वयन (२.७.२२.१८४२)/ २२५२२	
परिचय	नेपालमा संस्थागत प्रसूति सेवा विस्तारसँगै सिजेरियन सेक्शनको दर तथा यसको उपयोगमा निरन्तर अनुगमन आवश्यक हुँदै गएको छ। प्रत्येक अस्पतालमा प्रसूति हुने महिलाको obstetric characteristics फरक हुने भएकाले केवल समग्र CS दरको आधारमा अस्पतालको सेवा र clinical practice को तुलना गर्न कठिन हुन्छ। Robson Ten-Group Classification System ले प्रसूति सेवामा आउने सबै महिलालाई १० वटा mutually exclusive तथा collectively exhaustive समूहमा वर्गीकरण गरी प्रत्येक समूहको आकार, CS दर तथा समग्र CS दरमा योगदान विश्लेषण गर्न सकिने व्यवस्था गर्दछ। वर्गीकरणका लागि parity, previous CS, onset of labour, gestational age, fetal presentation र number of fetuses जस्ता नियमित रूपमा अभिलेख हुने विवरण प्रयोग गरिन्छ। प्रदेशका अस्पतालहरुमा Robson Classification को प्रयोगबाट अस्पतालको CS pattern पहिचान गरी आवश्यक clinical audit तथा सुधारात्मक कार्य गर्न यस कार्यक्रमको परिकल्पना गरिएको हो।
उद्देश्य	• अस्पतालमा हुने सबै प्रसूतिको Robson क्राइटेरियाको आधारमा विश्लेषण गरी अनावश्यक वा अनुचित CS को सम्भावित कारण पहिचान गरी सुधारात्मक उपाय अवलम्बन गर्ने। • अस्पतालमा evidence-based maternal and newborn quality improvement प्रणालीलाई संस्थागत गर्नु।
अपेक्षित उपलब्धि	• सहभागी अस्पतालमा सबै प्रसूतिको Robson Classification अनुसार नियमित अभिलेख तथा रिपोर्टिङ प्रणाली स्थापित हुनेछ। • अस्पतालगत तथा प्रदेशस्तरीय CS rate को group-wise विश्लेषण र trend monitoring सम्भव हुनेछ। • अनावश्यक CS न्यूनीकरण गर्दै आवश्यक CS सेवाको गुणस्तर र समयमै उपलब्धता सुधार गर्न सहयोग पुग्नेछ।
सञ्चालन प्रक्रिया	१. प्रदेशस्तरबाट कार्यक्रम सञ्चालनका लागि अस्पताल छनोट गर्नुपर्नेछ। २. अस्पतालका Obstetrician/Gynaecologist, Medical Officer, Nursing/Midwifery staff, Medical Record तथा HMIS focal person लगायतलाई अभिमुखीकरण गर्नुपर्नेछ।

	३. परिवार कल्याण महाशाखाको प्रचलित Robson Classification कार्यान्वयन निर्देशिका अनुरुपको रेकर्डिङ्ग र रिपोर्टिङ्ग फर्मेट प्रयोग गर्नुपर्नेछ। ४. अस्पतालमा Robson focal person तोक्नुपर्नेछ। ५. यसअघि नै Robson Classification कार्यान्वयन भइरहेका अस्पतालहरुमा क्लिनिकल अडिट सञ्चालन गर्नुपर्नेछ। ६. क्लिनिकल अडिट सञ्चालन गर्दा प्रसुति रोग विशेषज्ञ, प्रसुति वार्डमा कार्यरत नर्सिङ्ग अधिकृत लगायत निर्देशनालयकै MNH फोकल पर्सन सहितको टिम सम्बन्धित अस्पतालमा गई अस्पतालको सम्बन्धित वार्डको प्रतिनिधि समेत भई संयुक्त रुपमा Document Review गर्नुपर्नेछ। ७. Document Review पश्चात पहिचान भएका gap हरुलाई टिममा छलफल गरी अस्पतालको टिमसँग संयुक्त रुपमा सुधार कार्ययोजना बनाउनुपर्नेछ। ८. यस कार्यक्रममा विनियोजित बजेट दैनिक तथा भ्रमण खर्च,बैठक/अभिमूखीकरणमा खाजा खर्च एवं फर्म फर्मेट छपाइका लागि खर्च गर्न सकिन्छ।
अभिलेखीकरण/ प्रतिवेदन	कार्यक्रम सञ्चालन भएका अस्पतालको विवरण,कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका अस्पताल एवं अभिमूखीकरण, क्लिनिकल अडिटको नतिजा एवं सुधार योजनाको पुर्ण अभिलेख राखी समग्र कार्यक्रमको नतिजा सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।

क्रियाकलाप (कोड)/खर्च शीर्षकः आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई पूर्वकर्म पञ्चकर्म र योग सम्बन्धी तालिम (२.६.१.२८)/ २२५११

परिचय	आयुर्वेद स्वास्थ्य सेवामा पूर्वकर्म, पञ्चकर्म तथा योगको सुरक्षित, वैज्ञानिक र व्यवस्थित प्रयोगले स्वास्थ्य प्रवर्द्धन, रोगको व्यवस्थापन तथा पुनर्स्थापनात्मक सेवामा सहयोग पुऱ्याउन सक्छ। प्रदेश तथा स्थानीय तहका आयुर्वेद स्वास्थ्य संस्थाबाट यी सेवाहरू प्रदान भइरहे पनि सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीको ज्ञान, सीप, उपचार प्रोटोकल तथा संक्रमण नियन्त्रण अभ्यासमा एकरूपता आवश्यक रहेको छ। यस कार्यक्रममार्फत् आयुर्वेद स्वास्थ्यकर्मीलाई पूर्वकर्म, पञ्चकर्म र योगका सैद्धान्तिक तथा प्रयोगात्मक पक्षमा दक्ष बनाई सुरक्षित, गुणस्तरीय र मापदण्डअनुरूप सेवा प्रवाह गर्न सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिनेछ।
उद्देश्य	आयुर्वेद स्वास्थ्यकर्मीको पूर्वकर्म, पञ्चकर्म तथा योगसम्बन्धी ज्ञान र व्यावहारिक सीप अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहमा सक्षम बनाउने।
अपेक्षित उपलब्धि	• आयुर्वेद स्वास्थ्य संस्थामा पञ्चकर्म तथा योग सेवाको उपलब्धता र गुणस्तर विस्तार हुनेछ। • सेवाग्राहीमा आयुर्वेद तथा योग सेवाप्रति पहुँच र उपयोगमा वृद्धि हुनेछ।
सञ्चालन प्रक्रिया	१. जि.आ.स्वा.केन्द्र/अस्पताल तथा जिल्लाभित्रका आयुर्वेद औषधालयहरुमध्ये पूर्वकर्म, पन्चकर्म एवं योग को सेवा प्रवाह भइरहेका, हालसम्म सञ्चालन हुन नसकेका र पहिले सञ्चालनमा रही सेवाप्रदायकको अभावमा सेवा अवरुद्ध भएका संस्थाहरुको पहिचान गर्नुपर्दछ। २. यसरी संस्था पहिचान भइसकेपश्चात पहिले सञ्चालनमा भएर हाल अवरुद्ध भएका संस्थाहरुलाई पहिलो प्राथमिकतामा राखी सहभागी छनौट गर्नुपर्नेछ। ३. स्वास्थ्य निर्देशनालयबाट जारी गरिएको म्यानुअल अनुसार ५ कार्य दिन हुने गरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिएर पंचकर्म पूर्वकर्म तथा योग सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेछ। ४. बढीमा १५ जना सहभागीहरुलाई समावेश गरी यो तालिम सञ्चालन गर्नुपर्नेछ। बजेटको परिधिभित्र रही बढी भन्दा बढी ब्याच सञ्चालन गर्नुपर्नेछ। ५. तालिममा अनिवार्य Pre Test /Post Test गर्नुपर्नेछ र Post Test मा सहभागीले तोकिएबमोजिमको प्राप्तांक ल्याएपश्चात मात्र तालिमको प्रमाणपत्र दिनुपर्नेछ ६. तालिम सञ्चालन गर्न विषय विज्ञ प्रशिक्षकलाई प्रशिक्षण कार्यमा सहभागी गराउनु पर्दछ। ७. तालिम सम्पन्न भएपश्चात सहभागीको विवरण कार्यालयको वेबसाइटमा अपलोड गर्नुपर्नेछ।
प्रतिवेदन	कार्यक्रमको सहभागी तथा प्रशिक्षकको विवरण सहित वित्तिय प्रगतिका अभिलेखहरु राखि कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई पेस गर्नु पर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः विद्यालय नर्सहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखीकरण(२.६.३.२९)/ २२५११

परिचय	बालबालिका तथा किशोरकिशोरीहरूमा स्वस्थ जीवनशैलीको विकास गर्ने विद्यालय महत्वपूर्ण स्थान हो। विद्यालयमा कार्यरत नर्सहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। आयुर्वेदले स्वस्थ जीवनशैली, रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्द्धनमा जोड दिने भएकाले विद्यालय नर्सहरूलाई आयुर्वेद, योग सम्बन्धी आधारभूत ज्ञान र सीप प्रदान गर्ने उदेश्यका साथ यो कार्यक्रम राखिएको हो।
उद्देश्य	• विद्यालय नर्सहरूलाई आयुर्वेदका आधारभूत सिद्धान्त तथा स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार, निद्रा, आचार–विचार आदि) सम्बन्धी ज्ञान प्रदान गरी स्वस्थ जीवनशैली प्रवर्द्धनमा सक्षम बनाउने। • योग, प्राणायाम, ध्यान तथा मानसिक स्वास्थ्य प्रवर्द्धन सम्बन्धी आधारभूत ज्ञान तथा प्रयोगात्मक अभ्यास गराई विद्यालय स्तरमा स्वास्थ्य प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गर्न सक्षम बनाउने। • स्थानीय स्तरमा उपलब्ध औषधीय जडीबुटी तथा तिनको सुरक्षित उपयोग सम्बन्धी आधारभूत जानकारी प्रदान गरी समुदायमा स्वास्थ्य शिक्षा प्रवाह गर्न सक्षम बनाउने।
सञ्चालन प्रक्रिया	१. कोशी प्रदेशभित्रका विभिन्न जिल्ला स्थित विभिन्न विद्यालयहरूमा कार्यरत विद्यालय नर्सहरूलाई सहभागी गराई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सहभागी छनोट गर्दा यसअघि सोही विषयमा अभिमुखीकरण वा तालिम प्राप्त गरेका विद्यालय नर्सहरूलाई पुनः समावेश गराउन पाइनेछैन। २. अभिमुखीकरण कार्यक्रम आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागद्वारा स्वीकृत "Module for Ayurveda and Yoga Education Programme", तथा अन्य सम्बन्धित प्राविधिक सन्दर्भ सामग्रीका आधारमा सञ्चालन गर्नुपर्नेछ। ३. कार्यक्रमको अवधि पाँच (५) कार्यदिन**को** हुनुपर्नेछ। कार्यक्रममा सैद्धान्तिक सत्रभन्दा प्रयोगात्मक अभ्यास (Practical Demonstration) लाई प्राथमिकता दिई योग, प्राणायाम, ध्यान, स्वस्थ जीवनशैली तथा मानसिक स्वास्थ्य प्रवर्द्धन सम्बन्धी अभ्यास गराउन पर्नेछ। ४. प्रत्येक समूहमा बढीमा २५ जना सहभागी रहने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। ५. कार्यक्रम सञ्चालनका लागि आवश्यक विषय विशेषज्ञ, योग प्रशिक्षक, आयुर्वेद चिकित्सकको व्यवस्था गर्नुपर्नेछ। ६. अभिमुखीकरण सम्पन्न भएपछि सहभागी विद्यालय नर्सहरूले आफ्नो कार्यक्षेत्रमा विद्यालय, विद्यार्थी, शिक्षक तथा अभिभावक माझ स्वस्थ जीवनशैली, योग, तथा आयुर्वेद सम्बन्धी स्वास्थ्य प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्नुपर्नेछ। ७. अभिमुखीकरण प्राप्त विद्यालय नर्सहरूले आफ्नो कार्यक्षेत्रमा सम्पन्न गरेका गतिविधिहरूको विवरण विद्यालय नर्स कार्यक्रमको सफ्टवेयरमा निरन्तर अपडेट गर्नुपर्नेछ।

	८. कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खर्च मापदण्ड तथा नेपाल सरकारका प्रचलित आर्थिक नियमावलीको पालना गर्नुपर्नेछ।
अभिलेखन/ प्रतिवेदन	कार्यक्रम सम्पन्न भए पश्चात सहभागीहरुको विवरण सहित विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्नुपर्नेछ।

क्रियाकलाप(कोड)/खर्च शीर्षकः आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्यूनतम सेवा मापदण्डको लेखाजोखा/अनुगमन (२.८.१.२४)/ २२६११	
परिचय	आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालहरूबाट उपलब्ध गराइने स्वास्थ्य सेवाको गुणस्तर, पहुँच, प्रभावकारिता तथा सेवाको न्यूनतम आवश्यकतामा एकरूपता कायम गर्न न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards–MSS) को नियमित लेखाजोखा तथा अनुगमन आवश्यक हुन्छ। मापदण्डअनुसार आवश्यक जनशक्ति, औषधि, उपकरण, पूर्वाधार, सेवा प्रवाह, अभिलेख तथा व्यवस्थापकीय पक्षको अवस्था पहिचान गरी सुधार गर्न यस कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत प्रदेशअन्तर्गतका आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको न्यूनतम सेवा मापदण्डको अवस्थाको लेखाजोखा गरी कमजोर पक्ष पहिचान, सुधारात्मक कार्ययोजना निर्माण र अनुगमन गरिनेछ।
उद्देश्य	आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालहरूले न्यूनतम सेवा मापदण्डअनुसार गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरे/नगरेको लेखाजोखा तथा अनुगमन गरी सेवा गुणस्तरमा सुधार ल्याउनु।
अपेक्षित उपलब्धि	• स्वास्थ्य संस्थाका कमी कमजोरी तथा सुधार गर्नुपर्ने क्षेत्र पहिचान भई आवश्यक सुधारात्मक कार्ययोजना तयार भई जनशक्ति, औषधि, उपकरण, पूर्वाधार तथा सेवा प्रवाहमा सुधार हुनेछ। • आयुर्वेद स्वास्थ्य संस्थाबाट गुणस्तरीय, सुरक्षित तथा मापदण्डअनुरूप स्वास्थ्य सेवा प्रवाह गर्न सहयोग पुग्नेछ।
कार्यक्रम सञ्चालन प्रक्रिया	१. MSS गर्नुपर्ने स्वास्थ्य संस्थाको सूची तथा MSS सम्बन्धी विवरण अद्यावधिक गरी अनुगमनको वार्षिक/अर्धबार्षिक कार्यतालिका तयार गर्नुपर्नेछ। २. स्वीकृत MSS चेकलिस्टको प्रयोग गरी स्युक्त अनुगमन टोलीले स्वास्थ्य संस्थाको स्थलगत निरीक्षण गरी सम्बन्धित अभिलेख, रजिस्टर तथा प्रतिवेदनको परीक्षण गर्नुका साथै जनशक्ति, औषधि, उपकरण तथा पूर्वाधारको प्रत्यक्ष अवलोकन गरी चेकलिष्ट अनुरुप लेखाजोखा गर्नुपर्नेछ। ३. लेखाजोखाबाट प्राप्त विवरणका आधारमा स्वास्थ्य संस्थाको MSS कार्यान्वयनको अवस्था विश्लेषण गरी राम्रो, सुधार आवश्यक तथा तत्काल सुधार आवश्यक पक्ष पहिचान गरी प्राथमिकिकरण गर्नुपर्नेछ।

	४. स्थलगत अनुगमनपछि स्वास्थ्य संस्थालाई तत्काल पृष्ठपोषण दिई पहिचान भएका कमी कमजोरी सुधार गर्न जिम्मेवारी, समयसीमा तथा आवश्यक स्रोतसहित सुधारात्मक कार्ययोजना तयार गर्नुपर्नेछ। ५. पहिलो लेखाजोखामा पहिचान भएका कमी कमजोरी सुधार भए/नभएको यकिन गर्न प्राथमिकताका आधारमा फलोअप अनुगमन गरिनेछ। ६. कार्यक्रम सञ्चालनका क्रममा प्रदेशको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका एवं प्रचलित आर्थिक कार्यविधिको अधिनमा रहि खर्चको व्यवस्थापन गर्नुपर्नेछ।
अभिलेखकरण/ प्रतिवेदन	MSS योजना, MSS सञ्चालन भएका अस्पतालहरुको नाम र MSS स्कोर सहितको विवरण अद्यावधिक गरी कार्यालयको वेबसाइटमा अवलोड गर्नुपर्नेछ र कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेस गर्नु पर्नेछ।